दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
वर्ष ३८ | अंक १४३ | बुटवल | २०८३ जेठ ०९ गते, शनिबार | नेपाल संवत ११४६ | Saturday May 23, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा–१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला।

सम्पर्क नम्बर: ९८०१८२७९५०

## संवैधानिक परिषद् अध्यादेश पारित गर्नुहुन्न : गगन



बुटवल । नेपाली कांग्रेसका सभापति गगन थापाले सरकारले ल्याएका सबै अध्यादेश राष्ट्रिय सभाबाट पारित गर्न नहुने बताएका छन् ।

कांग्रेसको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले शुक्रबार सुनसरीको लौकहीमा आयोजना गरेको कोसी प्रदेशस्तरीय भेलालाई सम्बोधन गर्दै सभापति थापाले सबै अध्यादेश स्वीकृत गर्न नसकिने बताएका हुन् । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम पारित भएको र बजेटमा पनि सरकारलाई अफ्ठेरो नपारिने उनको भनाइ थियो ।

तर, संवैधानिक परिषद्सम्बन्धी लगायत केही अध्यादेश भने राष्ट्रिय सभाबाट रोकिने उनले बताए । 'अहिले अध्यादेश अस्वीकृत गर्ने कुरा राष्ट्रिय सभामा छ। हामी सबै अध्यादेश अस्वीकृत गर्नु हुँदैन भनिरहेका छौँ ।'- थापाले भने ।

सहकारीसहित केही अध्यादेश भने पारित गरिने उनले बताए । 'सहकारीसँग जोडिएको विषयको अध्यादेश छ, अरू अध्यादेशहरू छन्, यी अध्यादेशहरू अगाडि बढ्न दिनुपर्छ,' थापाले भने-'संवैधानिक परिषद्सँग जोडिएको अध्यादेश र अरू बाँकी रहेका नागरिकका मौलिक अधिकारहरू खण्डित गर्ने कानुन ल्याएर ल्याएको अध्यादेशका सन्दर्भमा यसलाई रोक्नुपर्छ ।'

त्यस्तै, सभापति थापाले प्रधानमन्त्री वालेन्द्र शाह र मन्त्रीहरूको सम्पत्ति विवरणबारे पनि उनले प्रश्न उठाएका छन् । मन्त्रीहरूले सम्पत्तिको स्रोत देखाउनुपर्ने उनको भनाइ छ ।

## तिनाउ ड्याममा डुबेर भारतीयको मृत्यु

पाल्पा । पाल्पाको तिनाउ गाउँपालिकामा पौडी खेल्ने क्रममा डुबेर बेपत्ता भएका एक भारतीय युवक मृत अवस्थामा फेला परेका छन् । जिल्ला प्रहरी कार्यालय पाल्पाका अनुसार भारत उत्तर प्रदेश, सिद्धार्थनगर जिल्ला नौगढ गाउँ जगदिसपुर बस्ने २२ वर्षीय सौरभ रस्तोगी मृत फेला परेका हुन् ।

उनी आफ्ना साथीहरूसँग घुम्न आएका थिए । बुधबार बेलुका अन्दाजी साढे ६ बजेको समयमा पाल्पाको तिनाउ गाउँपालिका वडा नं. ३ स्थित तिनाउखोला ड्याममा पौडी खेल्ने क्रममा उनी डुबेर बेपत्ता भएका थिए । घटनाको जानकारी पाउनसाथ प्रहरी चौकी दोभानबाट खटिएको प्रहरी टोलीले खोजतलास सुरु गरेको थियो ।

नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालको संयुक्त टोलीले खोजतलास जारी राखेकोमा शुक्रबार बिहान घटनास्थलभन्दा अन्दाजी ५० मिटर तल शव फेला परेको थियो । तिनाउ नदीमा ढुङ्गाको खोँचमा अड्किएको अवस्थामा उनको शव फेला परेको जिल्ला प्रहरी कार्यालय पाल्पाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक भिमलाल भट्टराईले जानकारी दिए ।

### रविविरुद्धको सम्पत्ति शुद्धीकरण र संगठित अपराध अभियोग फिर्ता गर्न आदेश

बुटवल । कास्की अदालतले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेविरुद्ध दर्ता भएको सम्पत्ति शुद्धीकरण र संगठित अपराधसम्बन्धी अभियोग फिर्ता गर्न आदेश दिएको छ । जिल्ला न्यायाधीश हिमलाल बेल्वासेको इजलासले शुक्रबार निवेदकको माग बमोजिम हुने आदेश दिएको हो ।

अब लामिछानेसहित पोखराको सूर्यदर्शन सहकारीको मुद्दाका प्रतिवादीहरूलाई सहकारी ठगीको मात्रै अभियोग कायम रहने भएको छ । रवि लामिछानेसँगै जीबी भन्ने गीतेन्द्रबाबु राई, छविलाल जोशीलगायतको पनि अन्य मुद्दा फिर्ता हुनेछ ।

तत्कालीन महान्यायाधिवक्ता सविता भण्डारी बरालले सहकारी ठगीसम्बन्धी मुद्दा यथावत् राखेर सम्पत्ति शुद्धीकरण र संगठित अपराधसम्बन्धी अभियोग संशोधन गर्ने निर्णय गरेकी थिइन् । त्यसपछि जिल्ला सरकारी वकिल कार्यालयले सोहीबमोजिम अदालतमा निवेदन दिएको थियो । अदालतले निवेदकको मागबमोजिम हुने आदेश गरेको हो ।

२०८१ असोज १८ गते कास्की जिल्ला अदालतमा रविविरुद्ध सूर्यदर्शन सहकारी ठगीसँगै संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा मुद्दा दायर भएको थियो ।

## महासंघ वरिष्ठ उपाध्यक्षमा वैद्य

बुटवल । नेपाल उद्योग वाणिज्य महासंघको वरिष्ठ उपाध्यक्षमा सुरकृष्ण वैद्य निर्वाचित भएका छन् ।

शुक्रबार सम्पन्न मतगणनाअनुसार, वैद्य ५६ मत प्राप्त गरेर वरिष्ठ उपाध्यक्ष निर्वाचित भएका हुन् । उनका प्रतिस्पर्धी रामचन्द्र संघईले ३० मत प्राप्त गरेको निर्वाचन समितिले जानकारी दिएको छ ।

महासंघको वरिष्ठ उपाध्यक्षमा तीन जना उम्मेदवार थिए । हेमराज ढकालले उम्मेदवारी फिर्ता लिएपछि वैद्य र संघईबिच प्रतिस्पर्धा भएको हो । त्यस्तै, कोषाध्यक्षमा मनिषलाल प्रधान निर्वाचित भएका छन् । उनले ६१ मत प्राप्त गरेका छन् । उनका प्रतिस्पर्धी अम्बिकाप्रसाद पौडेलले २५ मत प्राप्त गरेको निर्वाचन समितिले जनाएको छ ।

महासंघको ६०औँ वार्षिक साधारणसभा एवं निर्वाचन गत बैशाख २२ गते सम्पन्न भएको थियो । महासंघको विधान २०४९ (सातौँ संशोधन)ले वरिष्ठ उपाध्यक्ष र कोषाध्यक्षको चयन कार्यकारिणी समितिबाट हुने व्यवस्था गरेको थियो । त्यहीअनुसार, आफ्न दुई पदका लागि निर्वाचन भएको हो ।

### रास्वपा सांसद – सभापति लामिछाने छलफल :

# सुकुम्वासी बस्ती व्यवस्थापनमा रास्वपाको धारणा के हो ?

**रास्वपा सांसदहरुले प्रधानमन्त्री शाह, मन्त्रीहरू र सरकारका कामकारबाहीको चर्को आलोचना गरेका छन् भने महाधिवेशनको तयारी सुरु भएसँगै नयाँ र पुरानोका नाममा वडा तहसम्म ठूलो गुटबन्दी भइरहेको गुनासो गरेका छन् ।**

**लुम्बिनी संवाददाता**

*बुटवल*



सत्तारूढ रास्वपा सांसद इन्दिरा राना मगरले सुकुम्वासी बस्तीको व्यवस्थापनको विषयमा पार्टीको औपचारिक धाारणा माग गरेकी छिन् ।

शुक्रबार सिंहदरबारमा सभापति रवि लामिछानेले कोशी प्रदेशका सांसदहरूसँग छलफल गरेका थिए । उक्त छलफलमा भाग लिँदै सांसद मगरले मगरले सुकुम्वासी बस्ती हटाउने सरकारको कार्यबारे पार्टीको स्पष्ट धारणा आउनुपर्ने बताइन् ।

'प्रदेशगत समस्याहरूबारेमा सभापतिसँग छलफल गरेका हौं । यो सुकुम्वासी बस्ती व्यवस्थापनको सम्बन्धमा हाम्रो पार्टीको धारणा के हो ? मैले स्पष्टसँग पार्टीको धारणा आउनुपर्ने कुरा राखें ।'- उनले भनिन् ।

छलफलपछि सञ्चारकर्मीसँग कुरा गर्दै स्थानीय तहहरूले सुकुम्वासी व्यवस्थापनको नाममा मनपरी ढंगले काम गरिरहेको भन्दै पार्टीको धारणा बुझ्न चाहेको जानकारी गराइन् । केन्द्रीय सरकारको निर्देशन भएको भन्दै झापाका स्थानीय तहले सुकुम्वासी बस्ती हटाउन भन्दै सूचना जारी गरिरहेको भन्दै आपत्ति समेत जनाइन् ।

'अहिले स्थानीय सरकारले सुकुम्वासी व्यवस्थापनको नाममा जे पायो त्यही गरिरहेको छ । लालपूर्जा भएका नागरिकलाई पनि नोटिस दिएर उठ्नु भनिरहेको छ । उनीहरूले त कर तिर्नुभएको छ नि । केही ठाउँममा जग्गाको दामभन्दा बढी कर उठाएको विषय पनि छ । यस विषयमा हाम्रो पार्टीको औपचारिक धारणा के हो ?,' उनले भनिन्-'नदीहरूको संरक्षण गर्नुपर्छ भन्ने कुरा त कानुन मै छ नि । नदी हडपेर बस्नु चाँही गलत हो । काठमाडौंमा सरकारले सुकुम्वासी हटायो भन्दै झापामा स्थानीय तहले सूचना जारी गरेर खालि गराउन लागिरहेका छन् । यो त ठिक भएन नि ।'

रास्वपाका अन्य सांसदले प्रधानमन्त्री बालेन्द्र शाह, मन्त्री र सरकारबारे सभापति रवि लामिछानेसँग विभिन्न विषयमा गुनासो गरेका छन् । सांसदहरुले प्रधानमन्त्री शाह, मन्त्रीहरू र सरकारका कामकारबाहीको चर्को आलोचना गरेका हुन् । 'केही माननीयहरूले संसद्मा सरकारबारे बोल्नु भएको छ । संसद्मा नबोल्नुस्, केही गुनासो छ भने मलाई भन्नुस् ।'- लामिछानेले सांसदहरुसँग भनेका थिए ।

पहिलो, प्रधानमन्त्री शाह र मन्त्रीहरूका विषयमा रहेको छ । उनीहरूले जनगुनासो प्रधानन्त्री र मन्त्रीलाई सुनाउन नपाएको सभापति लामिछानेलाई सुनाएका छन् ।

'प्रधानमन्त्री र मन्त्रीका सचिवालयले जनगुनासोको सुनुवाइ नगर्दा हामीलाई अप्ठ्यारो भएको छ,' बैठकमा सहभागी सांसदको भनाइ उद्धृत गर्दै रास्वपाका एक सांसदले भने-'प्रधानमन्त्री र मन्त्रीको सचिवालयमा हाम्रो एक्सेस भएन । हामीलाई रेस्पोन्स नै गर्नुभएन ।'

प्रधानमन्त्री र मन्त्रीसँग भेटघाट समेत गर्न नपाएको उनीहरूको भनाइ थियो । अझ प्रधानमन्त्री र मन्त्रीका सचिवालयले समेत नटेर्ने गरेको रास्वपा सांसदले सभापति लामिछानेसँग गुनासो गरेका छन् । दोस्रो, सरकारलाई लिएर उनीहरूले गुनासो गरेका छन् । 'सरकार र सांसदबीच दूरी बढेको छ ।'- रास्वपा सांसदले बैठकमा भने ।

आफ्नो क्षेत्रका बासिन्दाले समस्या सुनाउने गरेको र ति समस्या लिएर प्रधानमन्त्री र मन्त्रीको सचिवालयले पुऱ्याउन नसकिएको उनीहरूको पीडा छ । जसले गर्दा सरकारका कामकारबाही जनताको अपेक्षा अनुसार नभएको उनीहरूले भनाइ छ ।

झण्डै दुई तिहाईको सरकार हुँदा पनि कामकारबाही प्रभावकारी नभएको र संसद्मा समेत बोल्न नसक्ने अवस्था आएको उनीहरूको भनाइ थियो । यस विषयमा प्रधानमन्त्री शाहसँग कुराकानी गर्न रास्वपा सांसदले सुझाएका छन् । 'पार्टी र सरकारबिच तालमेल नहुँदा संसदमा पनि हाम्रो उपस्थिति फितलो देखिएको छ,' छलफलमा सहभागी सांसदले भने-'पार्टीको लाइन के हो भन्ने विषयमा सभापति र प्रधानमन्त्रीबिच कुराकानी हुनुपर्छ ।'

सरकारले गरिरहेका कामको बचाउ गर्नै गाह्रो भएको रास्वपा सांसदको गुनासो छ । छलफलमा सहभागी सांसदले भने- 'सरकारले गरेका कामको चर्को आलोचना भइरहेको छ । हामीले रफु भर्दै हिंड्नु परिरहेको छ ।'

रास्वपा सांसदले सरकारलाई पार्टीले निर्देशन दिनुपर्ने बताएका छन् । त्यससँगै सरकार रास्वपाको नीति अनुसार चल्नुपर्ने उनीहरूले सुझाएका छन् । छलफलमा सहभागी सांसदहरूको भनाइ उद्धृत गर्दै एक सांसदले भने-'सरकारले पार्टी चलाउने होइन, पार्टीले सरकार चलाउने हो । त्यहीअनुसार, पार्टीले प्रधानमन्त्री र मन्त्रीहरूलाई निर्देशन दिनुपर्छ ।'

रास्वपा सांसदले उठाएको तेस्रो विषय हो, पार्टी महाधिवेशन । महाधिवेशनको तयारी सुरु भएसँगै नयाँ र पुरानो भनेर गुटबन्दी भइरहेको सांसदले सभापति लामिछानेसँग गुनासो गरेका छन् ।

'नयाँ र पुरानाका नाममा वडा तहसम्म ठूलो गुटबन्दी भइरहेको छ,' रास्वपा सांसदले सभापति लामिछानेलाई भनेका छन्-'नयाँहरूले पुरानालाई मैले राखेको ठाउँमा बस्नुपर्छ, मैले दिएको खानुपर्छ भनेर व्यवहार गरिरहेका छन् । पुराना नेता र कार्यकर्ताले क्षताअनुसार जिम्मेवारी र भूमिका पाइरहेका छन् ।'

रास्वपामा नयाँ भनेर प्रधानमन्त्री शाहको पक्षलाई भन्ने गरिएको छ भने सभापति लामिछाने पक्षका नेता तथा कार्यकर्तालाई पुरानोको संज्ञा दिन थालिएको छ । प्रधानमन्त्री शाह पक्षका नेताहरूले सभापति लामिछाने पक्षका नेतालाई क्षमताअनुसार, जिम्मेवारी नदिने गरेको गुनासो आएको हो ।

सांसदका गुनासो सुनेपछि रास्वपा सभापति लामिछानेले यसको सम्बोधन गर्ने आश्वासन दिएका छन् । 'तपाईंहरूले उठाएका विषयमा प्रधानमन्त्रीसँग कुराकानी गर्नेछु, कसरी हुन्छ, सहज बनाउनेछु ।'-लामिछानेको भनाइ थियो ।

रास्वपा सांसदले प्रतिनिधिसभाको बैठकमा सरकारको विरोध गर्न थालेपछि सभापति लामिछानेले छलफल थालेका हुन् । यसको सुरुवात कोसी प्रदेशबाट गरेका छन् । रास्वपा सचेतक प्रकाशचन्द्र परियारले भने सामान्य छलफल भएको बताए । सभापतिले आफ्नो सांसदसँग छलफल गर्नु नियमित प्रक्रिया भएको परियारको भनाइ छ । सभापति लामिछानेले सातै प्रदेशका सांसदसँग छलफल गर्ने उनले जानकारी दिए ।

रास्वपा सांसदले गरेको गुनासोका विषयमा भने उनले केही खुलाउन चाहेनन् । रास्वपाले चाँडै सरकार र पार्टीको उच्चस्तरीय संयन्त्रको बैठक बोलाउँदै छ । सांसदले उठाएका विषय संयन्त्रको बैठकमा राख्ने पनि सभापति लामिछानेले आश्वासन दिएका छन् । सांसदसँगको छलफलको अन्त्यमा सभापति लामिछानेले भने-'सरकारका विषयमा संसदमा विरोध नगर्नुस् । तपाईंहरूले उठाएका विषय म हल गर्छु, कसरी हुन्छ निकास खोज्छु ।'

## ३१ हजार बढी आयोजना 'रुग्ण' हुने अवस्थामा



बुटवल । नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष निकोलस पाण्डेले सार्वजनिक खरिद ऐनमा भएको बाध्यात्मक व्यवस्था कार्यान्वयन नहुँदा देशका ३१ हजारभन्दा बढी आयोजनाहरू 'रुग्ण' हुने अवस्थामा पुगेको बताएका छन् ।

प्रतिनिधिसभाको पूर्वाधार विकास समितिमा बोल्दै महासंघका अध्यक्ष पाण्डेले मूल्य समायोजन नभएका हजारौँ आयोजना रुग्ण हुने स्थिति आएको बताए । उनले निर्माण क्षेत्र धराशयी हुन लागेकाले यसले समग्र अर्थतन्त्रमा गम्भीर असर पार्ने चेतावनी दिएका छन् ।

अध्यक्ष पाण्डेकाअनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ ले निर्माण सामग्रीको मूल्य १० प्रतिशतभन्दा बढीले घटबढ भएमा मूल्य समायोजन गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ । यो बाध्यात्मक व्यवस्था हो, तर कार्यान्वयन भएको छैन ।

अहिले देशभर ३१ हजार १४२ वटा आयोजनाहरू असार मसान्तमा म्याद सकिने अवस्थामा छन् । मूल्य समायोजन नहुँदा व्यवसायीले काम गर्न सकेका छैनन्, जसले गर्दा यी आयोजना स्वतः रुग्ण बन्दैछन् । उनले बैंकबाट लिएको ऋण र ब्याज बुझाउन नसक्दा बैंकहरूमा खराब कर्जा बढ्ने र यसले नागरिकको लगानी समेत जोखिममा पर्ने उल्लेख गरे ।

अध्यक्ष पाण्डेले भने-'सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ मा सार्वजनिक निर्माण कार्य खरिद गर्दा राष्ट्रियस्तरको बोलपत्र आह्वान भई खरिद सम्झौता भइसकेको अवस्थामा, अप्रत्याशित रूपमा कुनै निर्माण सामग्रीको मूल्य साविकको मूल्यको १० प्रतिशतभन्दा बढी घटबढ भएमा, त्यसरी घटेको वा बढेको रकममा १० प्रतिशत कट्टा गरी तोकिए बमोजिम मूल्य समायोजन गरिनेछ भन्ने स्पष्ट बाध्यात्मक कानुनी व्यवस्था छ । तर, त्यो व्यवस्था अहिलेसम्म कार्यान्वयन नभएको वा हामीलाई उपलब्ध नभएको कारणले गर्दा आजको दिनमा यो क्षेत्र संकटग्रस्त भएको छ र कामहरू स्वतः ठप्प भएका छन् ।'

बैठकमा नेकपा एमालेका सांसद राजेन्द्र राईले निर्माण व्यवसायीका समस्यालाई केवल कानुनी आँखाले मात्र नभई व्यावहारिक रूपमा हेर्नुपर्ने बताए । उनकाअनुसार रुस-युक्रेन युद्ध र डिजेलको मूल्यवृद्धिका कारण व्यवसायीको क्षमताभन्दा बाहिर परिस्थिति गइसकेको छ । धेरै कानुन-कानून मात्रै नभनी यसलाई व्यावहारिक रूपमा समाधान गर्न मन्त्रालयले पहल गर्नुपर्छ ।

» बाँकी ३ पेजमा



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# लाहुरे

२०८३ जेठ ०९ गते, शनिबार

तपाईंका लागि...

**बिट्विन द लाइन्स्...**

'फेरि आक्रमण गर्न थालेको छ
प्रागऐतिहासिक डायनासोरहरूले
मेरो वक्षमा रोपिएको भाला
एक हजार वर्ष पहिले
कुनै बर्बर शासकद्वारा
तयार गरिएको हो।'

– विमल निभा

('रक्त–पत्र' कवितावाट)

# चेतनाः तीन पृथक व्याख्याहरू

**चैतन्य मिश्र**

मानव जातिलाई अरु प्राणीहरुबाट छुट्याउने मूल आधार चेतना वा ज्ञान आर्जन गर्न सक्ने सामर्थ्य नै हो भन्ने गरिन्छ। हुन त अन्य प्राणीमा पनि चेतना हुन्छ र तिनले पनि ज्ञान आर्जन गर्न सक्छन् भन्ने तथ्य सामान्य ज्ञानकै विषयवस्तु हो। यसमा नवीन वैज्ञानिक र प्रविधिको अनुसन्धानले निखार थप्दै आएको छ। वनस्पतिहरुमा समेत कुन किसिम र कुन हदको चेतना रहन्छ भन्ने सवालमा समेत हाल खोजबीन भइरहेको छ।

यो छोटो लेखको विषय भने केही मात्रामा भिन्नै छ। मानव जातिको चेतनाको, ज्ञानको, मूल्य-मान्यताको, सै किसिमका 'मानसिक उत्पादन'हरुको र स्वभावको स्रोत के हो ? अर्थात् यसको जरो कसरी पहिल्याउन सकिन्छ ? मानव चेतनाको उपरोक्त अरु आयाम र चरित्रहरुमा सबै स्थान र समयमा एकै प्रकारको हुन्छ वा भिन्न हुनसक्छ र परिवर्तन हुनसक्छ ? भिन्न हुनसक्छ र परिवर्तन हुनसक्छ भने किन र कसरी ? ऐतिहासिक र द्वन्दात्मक भौतिकवादले यी प्रश्नहरुको उत्तर विशिष्ट किसिमले दिन्छ। पारम्परिक उत्तरहरुभन्दा यी उत्तरहरु नौला छन्। यी उत्तरहरु विज्ञानसम्मत छन्।

पहिले पारम्परिक उत्तरहरुको चर्चा गरौं।

यस कोटीको एउटा उत्तर यो हो कि मानवीय चेतना, ज्ञान, मूल्य-मान्यता, स्वभाव आदि मानव मात्रमा हुने प्रकृतिप्रदत्त गुणहरु हुन्। अर्थात् यी गुणहरु प्रकृतिले नै जन्मजात रुपले मानिसहरुमा भरिदिएको हुन्छ र यी गुणहरुले सम्पन्न प्राणीहरुलाई नै मानवजाति भनिन्छ। प्रकृतिप्रदत्त हुनाले नै सबै मानिसमा चेतना हुन्छ र चेतनाविनाको मानिसको परिकल्पना गर्नै सकिन्न।

यसै कोटीको दोस्रो उत्तर यस्तो हुन्छः मानवीय चेतना दैवीशक्तिद्वारा निर्माण हुन्छ। सम्पूर्ण जगत, चराचर र सिंगो मानव जातिको सृष्टि नै दैवीशक्तिद्वारा भएको हुँदा मावनीय चेतना, ज्ञान, मूल्य-मान्यता, स्वभाव आदि स्वाभाविक रुपले दैवी संरचनामार्फत् हुने हुन्छ। यसैले हरेक मानिसमा दैवको अंश हुन्छ। यो अंश क्षीण भएर गएमा र मानव लोक पाप र अन्य विकारले भरिएमा र धर्म नाश भएमा प्रलय हुन्छ र दैवीशक्तिद्वारा पुनस्थापित हुन्छ। अर्थात् मानवीय चेतना, ज्ञान, मूल्य-मान्यता, स्वभाव आदि परिवर्तन हुनसक्ने गुणहरु भए पनि यिनको पुनर्स्थापनाको लागि दैवीशक्ति अपरिहार्य छ।

पारम्परिक व्याख्याको तेस्रो धार भाग्य र पुनर्जन्मसँग सम्बन्धित छ। यसअनुसार मावनीय चेतना आदि मानिसपिच्छे फरक फरक हुनसक्छ तर यो विभिन्ताको आधार अरु केही नभएर पूर्वजन्मको कर्म नै हो। यदि पूर्वजन्म धर्मसम्मत रहेको छ भने चेतना आदिको चरित्र उच्च गुणको रहन्छ र यदिपूर्वजन्म सो किसिमको रहेनछ र अ-धर्मले उल्लेख्य स्थान ओगटेको रहेछ भने यो जन्मको चेतना आदिको चरित्र निम्नस्तरको रहन्छ।

यी तीन पारम्परिक व्याख्याहरुमा विविधता त छन् नै, तर साथै यिनमा यो समानता पनि छ कि यिनले मानव चेतना, स्वभाव आदिको निर्माण गैर-मानवीय तवरले हुन्छ र गरिन्छ भन्ने वकालत गर्छन्। यिनले मानव चेतना, स्वभाव आदिको निर्माणमा मानवीय सामर्थ्यलाई या अत्यन्त न्यूनीकरण गर्छन् वा स्थान नै दिँदैनन्।

अर्को र दोस्रो कोटीको व्याख्या पनि छ, मानवीय चेतना आदिको। पुँजीवादी व्यक्तिवादी र कोरा भौतिकवादी यो व्याख्याअनुसार चेतना आदिको निर्माणको थलो हरेक व्यक्तिको दिमाग वा मगज हो। हरेक व्यक्ति मगजले सुसज्जित हुन्छ र मगजको भौतिक विन्यासको चमत्कारअन्तर्गत नै मानिस चेतनायुक्त हुन्छ, ज्ञान आर्जन गर्न सक्ने हुन्छ, सिक्न सक्ने हुन्छ र स्वभाव निर्माण र पुननिर्माण गर्न सक्ने हुन्छ। विश्वमा जति मानिस छन्, त्यतिवटै मगज छ र हरेक व्यक्ति आ-आफ्नो मगजको उपयोग गर्दै स्वतन्त्र र छुट्टाछुट्टै रुपले चेतनशील छ। चेतनाको सृष्टि मगजबाट नै हुन्छ। चेतनाको जरो भेट्टाउन अन्य कतै खोजिपस्नु पर्दैन।

ऐतिहासिक र द्वन्दात्मक भौतिकवादी व्याख्या भने यी दुई कोटीका चार पृथक व्याख्याहरुभन्दा भिन्दै छ। यसअनुसार मानवीय चेतना, ज्ञान, मूल्य-मान्यता अन्य सबै प्रकारका 'मानसिक उत्पादनहरु' र मानवीय स्वभावको सही व्याख्या गैरमानवीय, गैरसामाजिक र गैरऐतिहासिक किसिमको हुनसक्दैन। यी सबै गुण र चरित्रहरुको निर्माण र पुननिर्माण प्रकृति, दैवीशक्ति, भाग्य 'कर्म' र पुनर्जन्मको चक्रको आधारमा नभएर ऐतिहासिक तवरले निर्मित सामाजिक अर्थात् आर्थिक, राजनीतिक र सांस्कृतिक स्थिति, परिपाटी र यिनीहरुको संक्रमणको प्रकृयाअन्तर्गत हुनेगर्छ। यी गुण र चरित्रहरुको जरो पहिल्याउन कुनै पनि प्राकृतिक वा भौतिक शक्ति वा भाग्य आदितर्फ फर्कनु अनावश्यकमात्र हुँदैन, सरासर गलत र अवैज्ञानिक एवं अफलदायी हुन्छ। यी गुण र चरित्रहरु सामाजिक रुपले निर्माण र पुननिर्माण हुने भएकाले यिनको जरो पहिल्याउन सामाजिक संरचनाको अर्थात् आर्थिक, राजनीतिक र सांस्कृतिक संरचनाको अवलोकन, विश्लेषण र संश्लेषण गर्नु एकमात्र उपाय बन्छ। यी गुण र चरित्रहरुको प्रकृति भिन्नभिन्न राजनैतिक, आर्थिक र सांस्कृतिक संरचनाहरुमा भिन्नाभिन्नै रहन्छन्। यो भिन्नताले प्रमाणित गर्ने तथ्य यो पनि हो कि यो गुण र चरित्रहरु प्रकृति वा दैवी शक्तिद्वारा निर्मित र प्रदत्त हुन सक्दैनन्। थप, यी गुण र चरित्रहरु, एउटै समाजभित्र पनि कालान्तरमा र ऐतिहासिक धारले मोड लिंदा बेग्लै हुन्छन् र परिवर्तित हुन्छन्। प्रकृति, दैवीशक्ति वा भाग्यका कारण यी गुण र चरित्रहरुमा विभिन्नता हुने र फेरबदल हुने निचोड निकाल्नु त्यसैले सही र वैज्ञानिक हुँदैन।

यदि यी गुणहरुमा सामूहिक, सामाजिक र संरचनागत तहका विभिन्नताहरु छन्, वैयक्तिकमात्र छैनन् र यदि यी गुणहरु ऐतिहासिक रुपले संरचनागत तहमै परिवर्तित हुन्छन् भने स्वाभाविक रुपले प्रश्न उठाउनुपर्ने हुन्छः के यी गुणहरु स्वतन्त्र र छुट्टाछुट्टै रुपमा व्यक्ति-व्यक्तिका मगजहरुभित्र निर्माण हुन्छन् ? वा यी गुणहरुको निर्माण र पुनर्निर्माण सामुहिक, सामाजिक र संरचनागत तहमा नै हुनेगर्छ ? अर्थात् मानवीय चेतनाको प्रकार, थोरै हददेखि धेरै हदसम्म समाजपिच्छे र ऐतिहासिक अवस्था र स्थितिअनुसार फरक फरक हुन्छ भने चेतनाको मूल जरो खोज्न ऐतिहासिक तवरले सिर्जित सामाजिक संरचनाको विशिष्ट स्थिति खोजी निकाल्नु पर्ने हुन्छ। व्यक्ति-व्यक्तिको मगजभित्र आफैँ चेतनाको मूल जरो उम्रदैन। चेतना सामाजिक तहमा निर्माण हुन्छ।

यसको अर्थ चेतनाको लागि मगज आवश्यक छैन भन्ने कदापि लाग्दैन। यो सही हो कि व्यक्तिपिच्छे चेतनालगायत अन्य गुणहरुमा भिन्नता रहने र देखिने गर्छ। यो भिन्नताको स्रोत खोज्न फेरि पनि व्यक्ति-व्यक्तिका फरक फरक सामाजिकताहरु अर्थात् वर्गीय, लैङ्गिक, क्षेत्रीय आदि पृष्ठभूमि, जीवन प्रवाहको सामाजिक प्रकृति र मोडहरु र सामाजिक रुपले निर्मित आकांक्षाहरुतर्फ ध्यान केन्द्रित गरिनुपर्ने हुन्छ। प्रकृति, दैवीशक्ति, भाग्यलगायत 'व्यक्तिगत' मगजहरुभित्र चेतना निर्माणको जरो भेट्टाउन सकिंदैन। जीवन बुझ्न जगतको खोजिगरिनुपर्छ भनेभैं चेतना बुझ्न समाजको विन्यासमा ध्यान केन्द्रित गरिनुपर्छ।

(मूल्याङ्कन, २०५९ साउन अंकबाट साभार)

अर्थराजनीति

# स्थापित अवधारणा बाहिरबाट श्रम आप्रवासन– १



**रामचन्द्र श्रेष्ठ**

जब वैदेशिक रोजगारी वा श्रम आप्रवासनको चर्चा हुन्छ लाहुरेको कथा दोहोऱ्याइन्छ। वैदेशिक रोजगारीलाई अनन्त कालदेखि चलिरहेको निरन्तरताको रूपमा व्याख्या गरिन्छ। अझै प्रागऐतिहासिक उदाहरण प्रस्तुत गर्दै मान्छे बसाइँसर्ने प्राणी हो भनी व्याख्या गरिन्छ। अर्कोतर्फ वैदेशिक रोजगारीले नेपालीको जीवनस्तर उठाएको र गरिबी घटाउन मद्दत गरेकाले यो मात्रै नेपाली अर्थतन्त्र र नेपाली जीवनस्तर उठाउने भरपर्दो माध्यम हो भनी चर्चा विश्लेषण गरिन्छ। अंग्रेजी र नेपाली भाषामा लेखिएका शोधमूलक लेखहरूदेखि अखबारी लेखहरूमा 'विज्ञ'हरूको आधारभूत मान्यता नै यहीं रहेको छ। तर, वैदेशिक रोजगारीबारेको हाम्रो यो अवधारणा पर्याप्त छ ? के वैदेशिक रोजगारी हाम्रो 'विकास'को माध्यम वा स्रोत बन्न सक्छ ? यो लेखमा वैदेशिक रोजगारीबारे स्थापित यी मान्यताहरूमाथि विवेचना गर्ने प्रयत्न गरिएको छ।

१) नवउदारवादी विश्वमा श्रम आप्रवासनः

संसारमा नवउदारवाद हावी हुन थालेपछि राष्ट्र-राज्यका पर्खाल नाघेर वस्तु र श्रमको विनिमय तीव्र हुन थाल्यो। त्यसैगरी एकाधिकार वित्तिय पुँजी पनि मार्क्सले कम्युनिष्ट घोषणापत्रमा भनेजस्तै 'चिनियाँ पर्खाल' नाघेर रजाइँ गर्न थाल्यो। विश्व एउटा उत्पादन प्रणालीमा जोडिन थाल्यो जसलाई नवउदारवादी विश्वव्यापीकरण भन्न थालियो। नवउदारवादी विश्वव्यापीकरणसँगै संसारभर श्रम आप्रवासन पनि बढ्न थाल्यो। सन् २०२० मा अन्तर्राष्ट्रिय आप्रवासीको सङ्ख्या २८ करोड ६ लाख पुग्यो। यो विश्वको जम्मा जनसङ्ख्याको ३.६ प्रतिशत थियो। यसमध्ये लगभग १७ करोड आप्रवासी श्रमिकहरू थिए। सन् १९७० मा अन्तर्राष्ट्रिय आप्रवासीको सङ्ख्या ८ करोड ४४ लाख मात्र थियो। त्यो त्यतिबेलाको विश्व जनसङ्ख्याको २.३ प्रतिशत थियो (World Migration Report, 2024)। २१औं शताब्दीको शुरुवाती दुई दशकमा विश्वमा बसाइसराइ ह्वात्तै बढेको देखिन्छ। त्यसमा ठूलो भाग आप्रवासी श्रमिकले ओगट्छन्। श्रम आप्रवासनको यो कथा भने सन् १९८० को दशकबाट शुरु हुन्छ।

सन् १९८० र ९० को दशकमा शुरु भएको नवउदारवादी विश्वव्यापीकरणले पूँजी र ज्यालादारी श्रमबिचको सम्बन्धमा आधारभूत र संरचनात्मक परिवर्तन गऱ्यो। यस अवधिमा श्रमलाई पुँजीको अधिनमा राख्ने नयाँ तरिकाहरू विकास भए (Atzeni, Azzellini, Mezzadri, Moore, & Aitzsch, 2023, pp। 1-33)। नवउदारवादी विश्वव्यापीकरण नवउदारवादलाई संस्थागत गर्ने अन्तर्राष्ट्रिय संस्थाहरूको शासनमा भइरहेछ। अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व व्यापार संगठनजस्ता अन्तर्राष्ट्रिय संस्थाहरूले सहयोग, ऋण, संरचनात्मक समायोजन कार्यक्रम जस्ता औजारहरूको माध्यमबाट नवउदारवादी शासन चलाइरहेका छन्।

यो नवउदारवादी उत्पादन प्रणालीलाई मार्क्सवादी चिन्तक र शोधकर्ताहरूले विश्लेषण गर्ने प्रयत्न गरेका छन्। मार्क्सवादी विश्लेषक जोन वेलामी फोस्टर लगायतले वर्तमान नवउदारवादी उत्पादन प्रणाली विश्वव्यापी कमोडिटी शृंखला (Global Commodity Chains- GCCs) वा विश्वव्यापी मूल्य शृंखला (Global Value Chains-GVCs) मा आधारित छन् भनी विश्लेण गरेका छन्। यस्ता शृंखलाहरू बहुराष्ट्रिय कम्पनीहरूद्वारा व्यवस्थित र सञ्चालन गरिएका हुन्छन्। विश्वव्यापी कमोडिटी शृंखलामा उत्पादन विभिन्न स-साना भागहरूमा विभाजन गरी विश्वभर फैलाइएको हुन्छ। यी हरेक स-साना उत्पादन केन्द्रहरूमा मूल्यको सिर्जना हुन्छ र त्यो मूल्य केन्द्रतर्फ प्रसारण हुन्छ। विश्वव्यापी कमोडिटी शृंखला (Global Commodity Chain) वर्तमान साम्राज्यवादी आर्थिक प्रणालीको मेरुदण्ड हो। (Suwandi, Foster, & Jonna, 2019)

विश्वव्यापी कमोडिटी शृंखलालाई तीन प्राविधिक उन्नति र तीन राजनीतिक-आर्थिक परिवर्तनले आकार दिन मद्दत गरे। एक, सञ्चार प्रविधिको प्रगति। सन् १९६०को दशकको मध्यतिर ठूलो सङ्ख्यामा स्याटेलाइटहरू आकाशमा छोडिए। यी स्याटेलाइटको मद्दतले संसारलाई दुरसञ्चार प्रणालीमा जोड्यो। दुई, कम्प्युटरको प्रयोग। कम्प्युटरको व्यापक प्रयोग बढ्न थालेपछि संसारका विपरीत ध्रुवबीच पनि सम्बन्ध राख्ने क्षमता अभिवृद्धि भयो। कम्प्युटर डेटाबेसको प्रयोगले कम्पनीहरूलाई आफ्नो कच्चा पदार्थ र तयारी वस्तुहरूको सूची खाताहरूमा राख्नुभन्दा कम्प्युटरमा राख्न सकिने भयो। स्याटेलाइटको माध्यमबाट क्यालिफोर्नियामा बसेर हङकङको उद्योगलाई निरीक्षण र नियन्त्रण गर्नसक्ने क्षमता बन्यो। तीन, कन्टेनरमा सुधार। सन् १९५० को दशकतिरबाट प्रयोगमा आएका विशिष्ट आकारका धातुका कन्टेनरहरू र क्रेनहरूले जहाजबाट सामान ओसार पसार गर्न, सामान लोड-अनलोड गर्न सहज तुल्याइदियो र समय पनि घटाइदियो। यसका साथै अन्तर्राष्ट्रिय प्रमाणीकरण संगठन (ISO) ले वस्तुहरूको मापदण्ड निश्चित गरिदिएकाले जुनसुकै देशबाट पनि पाटपूर्जाहरू मगाउन सहज भयो।(Tricontinental, 2019)

सन् १९८० र ९० को दशकमा तीनवटा मुख्य राजनीतिक परिवर्तनहरू भए। एक, सोभियत संघ र पूर्वी युरोपको समाजवादी खेमाको हार भयो। यसले बहुराष्ट्रिय पूँजीवादको मुख्य अवरोधलाई हटायो। दुई, तेस्रो विश्वसको ऋण सङ्कट र चीनको खुलापन। सन् १९७० को दशकको अन्त्य र १९८० को दशकको शुरुवातमा आएको ऋण सङ्कटले गर्दा धेरै विकासोन्मुख देशहरूले आफ्नो बजारलाई स्वतन्त्र राख्न नसकी विश्व व्यापार प्रणालीमा आत्मसमर्पण गर्न बाध्य भए। यही समयमा सन् १९७८ बाट शुरु भएको चीनको बजार सुधारले विश्वव्यापी उत्पादन सञ्जालका लागि करोडौं सस्तो श्रमिकहरू उपलब्ध गरायो। तीन, नवउदारवादी नीति। अमेरिकामा रोनाल्ड रेगन र बेलायतमा मार्गरेट थ्याचरको उदयसँगै शुरु भएको नवउदारवादी नीतिका कारण ती देशका सरकारहरूले आफ्ना नागरिकका आवश्यकता भन्दा बहुराष्ट्रिय कम्पनीहरूको हितलाई प्राथमिकता दिने नीतिहरू अवलम्बन गरे। यसले बहुराष्ट्रिय कम्पनीहरूलाई ग्लोबल नर्थका उद्योगहरू बन्द गरेर विदेशमा उत्पादन केन्द्रहरू खोल्न र वित्तीय पूँजीलाई स्वतन्त्र रूपमा परिचालन गर्न कानुनी छुट दियो।(Tricontinental, 2019)

१.१) विश्वव्यापी श्रम मध्यस्थता (Global Labor Arbitrage)

विश्वव्यापी कमोडिटी शृंखलाको मुख्य आधार हो– विश्वव्यापी श्रम मध्यस्थता (Global Labor Arbitrage)। विश्वव्यापी श्रम मध्यस्थता बहुराष्ट्रिय निगमहरूले विभिन्न बजारहरूबीचको ज्यालाको असमानतामा आधारित भएर नाफा आर्जन गर्न अपनाएको रणनीति हो। यस रणनीति अन्तर्गत, कम्पनीहरूले न्युन ज्याला भएको स्थानबाट श्रमशक्ति दोहन गर्ने र त्यसबाट उत्पादित वस्तु वा सेवाहरूलाई उच्च मूल्य भएको बजारमा बिक्री गर्छन्। यो नवउदारवादी विश्वव्यापीकरणको मुख्य रणनीति हो। यो रणनीति अनुसार 'कम विकसित' देशहरूमा रहेको सस्तो श्रमशक्तिको शोषण गरी बहुराष्ट्रिय कम्पनीहरूलाई असाधारण अतिरिक्त मूल्य सिर्जना गरिन्छ (Gordon, 2022)(Wise & Martin, 2015)। 'एक्काइसौं शताब्दीमा साम्राज्यवाद (इम्प्रेलिजम इन ट्वान्टी फर्स्ट सेन्चुरी)का लेखक जोन स्मिथले 'ग्लोबल लेबर आर्बिटेज'लाई नै उत्पादनको विश्वव्यापीकरणको मुख्य चालक शक्ति भनी विश्लेषण गरेका छन् (Smith, 2016, pp. 174-207)। जसअनुसार 'श्रम अहिले अन्तर्राष्ट्रिय माल' बनेको छ (Durrenberger, 2005, p. 132)।

१.२) उत्पादन प्रक्रियाको स्थानान्तरणः

विश्वव्यापी श्रम मध्यस्थताको एउटा महत्त्वपूर्ण पक्ष हो उत्पादन प्रक्रियाको स्थानान्तरण। दोस्रो विश्वयुद्धको अन्त्यपछि शुरु भएको उत्पादन प्रक्रियाको स्थानान्तरण नवउदारवादी नीतिसँगै तीव्र गतिमा फैलिन थाल्यो। खासगरी उच्च ज्याला भएका उत्तर युरोपेली र उत्तर अमेरिकी देशहरू (ग्लोबल नर्थ)बाट न्युन-ज्याला भएका एसियाली, अफ्रिकी, दक्षिण अमेरिकी देशहरू (ग्लोबल साउथ)मा वस्तु उत्पादनका उद्योगहरूलाई स्थानान्तरण गर्न थालियो। यसको लागि प्रत्यक्ष वैदेशिक लगानी बढाइन थालियो। यसका लागि 'विशेष आर्थिक क्षेत्र (SEZs), निर्यात प्रशोधन क्षेत्रहरू(EPZs) स्थापना गरियो। यसको मुख्य उद्देश्य नै न्युन ज्याला भएका क्षेत्रहरूमा उद्योगहरू स्थानान्तरण गरी सस्तो श्रमशक्तिको दोहन गर्नु थियो।

युरोप र अमेरिकामा १९औं र २०औं शताब्दीमा भएका मजदुर आन्दोलनहरू तथा ट्रेड युनियनहरूको स्थापनाले ज्यालामा वृद्धि, कार्यस्थलमा सुधार र श्रम कानुनहरू स्थापित गर्न सफल भयो। यी प्रयत्नहरूले ग्लोबल नर्थमा ज्याला बढ्दै गयो भने ग्लोबल साउथमा ज्याला कम नै रह्यो। ज्यालाको असमान वितरणलाई केही तथ्यांकबाट हेरौं। सन् २०११को तथ्यांक अनुसार, टेक्सटाइल उद्योगमा प्रतिघण्टा ज्याला, विकसित देशहरूमा औसत १६.८० डलर थियो भने विकासशील देशहरूमा २.१६ डलर। यो प्रतिघण्टा ज्याला (डलरमा) स्वीजरल्याण्डमा ३५.३३, बेल्जियममा ३०.४२, जापानमा २७.७७, जर्मनीमा २७.६९, अष्ट्रियामा २४.५५, फ्रान्समा २१.०३, बेलायतमा २०.१७, संरा अमेरिकामा १५.७८ थियो भने मलेसियामा १.१८, इजिप्टमा ०.८२, केन्यामा ०.६७, भारतमा ०.६७, इण्डोनेशियामा ०.५५, बंगालदेशमा ०.२८ थियो (Ness, 2016, p. 10)। ज्यालाको यो असमान दरले एकाधिकार वित्तीय पूँजी किन विकसित देशबाट अविकसित देशमा स्थानान्तरण भयो भन्ने पुष्टि गर्दछ। अतिरिक्त मूल्यको प्रमुख स्रोत सस्तो श्रमशक्ति नै भएकाले पुँजीले सस्तो श्रमको उच्च उपलब्धता भएको क्षेत्रहरू खोज्यो जसले गर्दा स्थापित मजदूर अधिकारबाट भाग्न सकियोस् र प्रचुर नाफा उपलब्ध हुन सकोस्। अहिले उत्तरमा सेवाक्षेत्रलाई बढी जोड दिइएको छ। त्यसैले उत्तरमा व्यापारीक कम्पनीहरू स्थापित भईरहेका छन् भने दक्षिणमा वस्तु उत्पादनका उद्योगहरू बढिरहेका छन्। (Ness, 2016)

श्रमशक्ति राष्ट्र-राज्यको घेरा तोडेर बाहिर जाने प्रक्रिया पहिला पनि थियो। ब्रिटिशकालीन भारतदेखि बर्मासम्म नेपाली श्रमशक्ति गएकै थियो। तर, वर्तमान नवउदारवादी विश्वव्यापी श्रम मध्यस्थताले सिर्जित श्रम आप्रवासन परम्परागत श्रम आप्रवासनभन्दा नितान्त भिन्न छ। पहिले कम्पनीहरूले कि त सस्तो श्रमशक्ति भएको देशमा उद्योग स्थापना गर्थे वा आफ्नै देशमा सस्तो आप्रवासी कामदारलाई उपयोग गर्थे। नवउदारवादी विश्वव्यापीकरण पछि दोहोरो श्रम मध्यस्थता अपनाइएको छ। यस अनुसार बहुराष्ट्रिय कम्पनीहरूले आफ्नो उत्पादन प्रक्रियालाई पहिले नै कम ज्याला भएको 'होस्ट' देशमा स्थानान्तरण गरेका छन्। अर्कोतर्फ, अझ कम ज्याला भएका देशहरूबाट आप्रवासी कामदाहरूलाई त्यहाँ ल्याइएको छ। यसो गर्दा उद्योग स्थापना गरिएको देशका मजदूरहरूले सस्तो ज्यालामा काम गर्न तयार नहुँदा अन्य सस्तो श्रम भएको देशबाट कामदार आयात गरिएका छन्। उदाहरणका लागि जोर्डनको गार्मेन्ट उद्योगमा नेपाली र बंगलादेशी आप्रवासी ठूलो सङ्ख्यामा कार्यरत छन्। स्थानीय जोर्डनी कामदारहरूले कम ज्यालामा काम गर्न नचाहेपछि नेपाली र बंगलादेशीलाई रोजिएको हो। यो दोहोरो श्रम मध्यस्थ्यतामा आप्रवासी श्रमिक बाध्यकारी श्रम गर्न बाध्य हुन्छ। श्रमिक आफ्नो श्रमशक्ति बजारमा आफुखुशी बिक्री गर्न स्वतन्त्र हुँदैन। आप्रवासी कामदारहरूको भिजा प्रायः एउटै रोजगारदातासँग बाँधिएको हुन्छ त्यसको लागि कफाला जस्ता प्रणाली निर्माण गरिएको हुन्छ। आप्रवासी श्रमिकले उद्योग र काम फेर्न पाउँदैन। जागिर छोडेमा वा गर्भवती भएमा देश निकालाको डर हुन्छ। आप्रवासी श्रमिकको यही 'अस्वतन्त्रता' नै बाध्यकारी श्रममा बदलिन्छ जुन कम्पनीहरूको लागि नाफाको स्रोत बन्छ। (Gordon, 2022)(Wise & Martin, 2015)

१.३) आर्म्स लेन्थ सम्झौता अर्थात् ठेकेदारी (Arm's Length Contracting)

विश्वव्यापी कमोडिटी शृंखलाको अर्को रणनीति हो– आर्म्स लेन्थ सम्झौता (Arm's Length Contracting)। आर्म्स लेन्थ सम्झौता भनेको प्रत्यक्ष वैदेशिक लगानी (FDI) गर्नुको सट्टा बाह्य ठेक्का वा उपठेकेदारी मार्फत् उत्पादन गराउने रणनीति हो। यो सिर्जित मूल्य कब्जा गर्न हात लम्बाउनु हो। यो एकप्रकारको व्यावसायिक सम्बन्ध हो जसमा बहुराष्ट्रिय कम्पनीले आफ्नै स्वामित्व वा प्रत्यक्ष व्यवस्थापनमा उत्पादन गर्नुभन्दा बाह्य कम्पनी (ठेकेदार उत्पादक)लाई उत्पादनको जिम्मा दिन्छ।

एप्पल, नाइक जस्ता कम्पनीहरूले यही गरिरहेका छन्। यी कम्पनीहरूले आफै उद्योग सञ्चालन गर्नु भन्दा पनि सस्तो श्रमिक र स्रोत भएका 'होस्ट' देशहरूमा ठेकेदारी दिएका छन्। आर्म्स लेन्थ सम्झौता अनुसार बहुराष्ट्रिय कम्पनीहरूले श्रम शोषणको प्रत्यक्ष जिम्मेवारीबाट आफुलाई मुक्त गर्छन् तर रणनीतिक र वित्तीय नियन्त्रण भने आफैँसँग राख्छन्।

एप्पल र नाइक जस्ता कम्पनीहरू यसरी नै काम गर्छन्। एप्पलले आफै आइफोन निर्माण गर्दैन। यसले ताइवानको फक्सकन जस्ता ठेकेदार कम्पनीलाई उत्पादनको ठेक्का दिन्छ। आइफोइको डिजाइन, इन्जिनियरिंग र मार्केटिंग एप्पलले गर्छ भने फक्सकनले चीनमा श्रमिकहरू राखेर उत्पादन गर्छ। मुनाफाको ठूलो भाग एप्पलले लिन्छ, फक्सकनले सानो मार्जिनमा काम गर्छ। उदाहरणका लागि आइफोनको उत्पादनलाई हेरौं।

सन् २०१० मा ५४९ अमेरिकी बजारमा ५४१ डलरमा बिक्री हुने आइफोन ४को एसेम्बल र कम्पोनेन्टहरू बनाउन लाग्ने श्रम लागत केवल १० डलर (१.८ प्रतिशत) थियो, जबकि एप्पलले ५९ प्रतिशत नाफा कब्जा गरेको थियो। आइफोन निर्माणका लागि कोबाल्ट, कोल्टान, ग्यालियम, सुन, प्लाटिनम, सिलिकन जस्ता १२ वटा दुर्लभ पदार्थहरू चाहिन्छ। यी कच्चा पदार्थहरू गणतान्त्रिक कंगोदेखि बोलिभियासम्मबाट उत्खनन् हुन्छन्। गणतान्त्रिक कंगोको खानीमा ४० हजारभन्दा बढी बालबालिका दैनिक १ देखि २ डलरमा काम गराइन्छन्। खानीबाट कच्चा पदार्थ उत्पादन भइसकेपछि आइफोनका विभिन्न भागहरूको उत्पादन शुरु हुन्छ। आइफोनका यी भागहरू कम्तीमा ३० देशमा विभिन्न कम्पनीहरूमा उत्पादन भएका हुन्छन् र चीनमा एसेम्बल हुन्छन्। अमेरिका चीनको व्यापार युद्धको कारण अब एप्पल चीनबाट भारतमा आफ्नो उत्पादनको हिस्सा सार्दैछ। यो सिंगो प्रक्रियामा एप्पलले लगानी गर्दैन। एप्पलले आइफोनको डिजाइन गर्छ क्यालिफोर्नियामा र फक्सकन, पेगाट्रोन, टाटा, लुक्सेयर, विस्ट्रोन जस्ता कम्पनीहरूलाई विभिन्न भागहरू उत्पादनको ठेक्का दिन्छ। लगानी यी ठेकेदार उत्पादकहरूले गर्छन्। एप्पलले यी ठेकेदार उत्पादकहरूलाई एप्पलको ब्लुप्रिन्ट, प्राविधिक सीप, केही प्राविधिक सामग्री जस्तै चेसिसको मोल्ड लगायत दिन्छ र खरीद गर्ने सङ्ख्याको सुनिश्चितता गरिदिन्छ। यसरी एप्पलले आइफोन उत्पादनको समग्र प्रक्रियामा खासै लगानी गर्दैन तर नाफामा अधिक हिस्साभने आफैसँग राख्छ। आइफोनको बिक्री मूल्यको लगभग १.८ प्रतिशत चीनको श्रम लागतमा जान्छ भने बाँकी एप्पलले लिन्छ।(Suwandi, Foster, & Jonna, 2019) (Tricontinental, 2019)

१.४) एकाधिकार र अतिशोषणः

विश्वव्यापी वस्तु सञ्जाल र त्यसलाई आधार प्रदान गर्ने विश्वव्यापी श्रम मध्यस्थतालाई हेर्दा उत्पादन प्रक्रिया भौगोलिक रूपमा छरिएको देखिए तापनि यसको वास्तविक नियन्त्रण उत्तर विश्वका गगजचुम्बी भवनहरूमा रहेका बहुराष्ट्रिय कम्पनीको वित्तीय मुख्यालयहरूसँग हुन्छ। यी मुख्यालयहरूले सूचना प्रविधि र बजारमा आफ्नो एकाधिकार कायम राख्दै मूल्य शृंखलाको (value chain) को सबैभन्दा ठूलो हिस्सा कब्जा गर्छन्। विश्वव्यापी श्रम मध्यस्थतामा आफ्नो समुदाय र देशबाट टाढिएका, संगठित आवाज उठाउन नसक्ने देशहरूका मजदूरलाई उसको श्रमशक्ति पुनरुत्पादन गर्न आवश्यक न्यूनतम लागतभन्दा पनि कम ज्याला दिए अतिरिक्त मूल्य सिर्जना गरिन्छ। खासमा बहुराष्ट्रिय कम्पनीहरूले मूल्य सिर्जना गर्दैनन्, उत्पादनको विश्वव्यापी सञ्जालका हरेक कडीहरूमा उत्पन्न भएका मूल्यहरूको शोषण गर्छन्। (Suwandi, Foster, & Jonna, 2019)

सारमा, सन् १९८० को दशकबाट नवउदारवादी विश्वव्यापीकरण सुरु भयो। यसले एकातर्फ सार्वजनिक संस्थानहरूबाट राज्यलाई अलग्गाउने, बजारमाथि राज्यको नियमन न्यूनीकरण गर्ने, निजीकरणलाई जोड दिने र राज्यका सीमाहरूलाई खुकुलो बनाउन जोड दियो। अर्कोतर्फ, विश्वव्यापी मूल्य शृंखला वा विश्वव्यापी कमोडिटी शृंखलाले उत्पादनको विश्वव्यापीकरण सुरु भयो। उत्पादन प्रक्रिया स-साना भागमा संसारभर विभाजित भयो। यसको लागि प्रत्यक्ष वैदेशिक लगानीमार्फत् उद्योगहरूको स्थानान्तरण गरियो साथै आर्म्स लेन्थ सम्झौताजस्तो नयाँ प्रकारको रणनीति अपनाइयो।

» *बाँकी ३ पेजमा*

१९औं पुराण

# पिरेमस र थिज्बी



जंगबहादुर शाह

(भारतवर्षमा १८ वटा पुराणहरू छन् । पूराणको शाब्दिक अर्थ पूरा कथा हुन्छ । ती १८ पुराणमा भारत वर्षका मानिसको विश्वास, आस्था र मिथहरूका कथाहरू छन् । यस्तै मिथक कथा ग्रीक र रोममा पनि छन् । जंगबहादुर शाहले ग्रीक र रोमका मिथकहरूलाई १९औं पुराणको संज्ञा दिएर लेखन गर्नुभएको छ । पाश्चात्य साहित्य र संस्कृति बुझ्न यी मिथकहरुको जानकारी अत्यावश्यक छ । पाश्चात्य साहित्य अध्ययनको उद्देश्यले शाहकृत १९ औं पुराणमा संकलित ग्रीक र रोमका मिथकहरू '१९ औं पुराण' स्तम्भ अन्तर्गत पाहुरका पाठकहरूलाई पस्किदैं जानेछौं ।)

सेमिरामिस् (Semiramis)को साम्राज्य बेबिलोनिया (Babylonia- वर्तमान इराक)मा पिरेमस् (Pyramus) सर्वसुन्दर युवक थिए भने युवतीहरुमा थिज्बी (Thisbe) सर्वश्रेष्ठ सुन्दरी थिइन् । तिनका अभिभावकहरुका घर जोडिएका थिए । त्यस छिमेकले ती दुवैलाई नजिक ल्यायो र सामान्य परिचय सुस्त-सुस्त प्रणयमा परिणत भई परिपक्व भयो । परिपक्वता पनि यस्तो कि उनका मातापिताले निषिद्ध नगरेको भए उनीहरु परिणय सूत्रमा बाधिन्थे । तर, मातापिताले विवाह निषिद्ध गरे पनि दुवैका हृदयमा पल्लवीत भइसकेको प्रेम-पादपलाई पुष्ट हुनबाट कसले रोक्ने सक्ने ! उनीहरुले कटाक्ष र इंगितमा कुरा गर्न थाले । वार्तालाप गर्न निषिद्ध गरिएपछि प्रेमको ज्वाला झन दन्किन थाल्यो । तिनका घरलाई छुट्ट्याउने भित्तामा ढाँचागत दोष वा मिस्त्रीको गल्तीले पातलो धाँजो फाटेको थियो जो पहिले कसैले देखेको थिएन । त्यस धाँजोलाई सर्वप्रथम ती प्रेमीहरुले देखे । त्यस धाँजोबाट स्वर सुन्न सकने भएकोले तिनीहरुले त्यसै माध्यमद्वारा प्रेमालाप गर्न थाले । भित्ताको वल्लोपट्टि पिरेमस् र पल्लोपट्टि थिज्बी कुराकानी गर्न उभिँदा उनका प्रश्वास आपसमा मिल्दथे । उनले भने- "क्रुर भित्ता ! हामी दुवै प्रेमीहरुलाई किन अलग-अलग राखेका छौं ? हामी यसरी अलग गरिए पनि कृतघ्न भने हुने छैनौं । हामी कृतज्ञतापूर्वक स्वीकार गर्दछौं कि तिमीले हाम्रा प्रेमासिक्त कुरालाई एक-अर्काका कानमा पुग्न मद्दत गरेका छौं ।

ती प्रेमीहरुले त्यस्ता कुरा आफू उभिएको भित्तालाई भने । रात परेपछि उनले परस्पर बिदा लिनैपर्थ्यो र अरु नजिक आउन असमर्थ भएकाले तिनीहरले आफूतिरको भित्तालाई म्वाइँ खाए । अर्को दिन जब आँरोरा (Aurora अर्थात् हाम्री उषादेवी)ले ताराहरुको प्रकाश खोसिन् र जब सूर्यले घाँसबाट तुषारो पग्लाए, तब तिनीहरुले पहिलेको स्थानबाट नै भेटघाट शुरु गरे । आफ्नो दुर्भाग्यउपर दुःख प्रकट गर्दै तिनले आगामी रातमा घरबाट भाग्ने निश्चय गरे कि अर्को राती चकमन्न भएपछि तिनीहरु चौकिदारी गरिरहने दृष्टिबाट ओझेल हुनेछन् । घर छाडेर तिनीहरु चौरमा आउनेछन् । निश्चित भेटका लागि तिनले नगरबाहिरको प्रसिद्ध निर्मिति टूम आँव् नाइनस् (Tomb of Ninus अर्थात् नाइनस्को चिहान)मा पुग्ने निधो गरेर यो पनि तय गरे कि जो पहिले आए पनि उसले एउटा रुख विशेषको छायामुनि अर्काको प्रतीक्षा गर्नेछ । त्यो विशेष वृक्ष सेतो किम्बुको थियो जो एउटा शीतल जलस्रोतनजिकै उभिएको थियो । सबैकुरा तय भइसकेपछि उनीहरुले व्यग्रतासाथ सूर्य पानीमुनि जाने र त्यहाँबाट रात्री बाहिर निस्कने प्रतीक्षा गर्न थाले ।

समय आएपछि अवगुण्ठनवती थिज्बी परिवारका कसैले पनि नदेख्ने गरी घरबाट सुटुक्क निस्केर निश्चित समाधिनेर अवस्थित रुखमुनि गएर बसिन् । सायंकालीन् हराउँदो प्रकाशमा त्यसरी एक्लै बसिरहेकी थिज्बीले एउटा सिंहनी देखिन् जसका बङ्गारा भर्खरै मारिएको आखेटको रगतले रँगिएका थिए र त्यो आफ्नो तृषा मेटाउन जलस्रोततिर आउँदै थियो । रक्तरञ्जित मुख भएको सिंहनीलाई आफूतिर आइरहेको देखेपछि थिज्बी भयाक्रान्त भएर भागिन् र एउटा चट्टानी गुफामा शरण लिन पुगिन् । त्यसरी हस्याङ-फस्याङ् गरेर भाग्दा उनको अवगुण्ठन भुइँमा खस्यो । पानी खाएर आफ्नो तिर्खा मेटाएर जंगलतिर जान लाग्दा सिंहनीले थिज्बीको अवगुण्ठन भुइँमा खसेको देखी त्यसलाई आफ्ना रक्तिम दाँतले चिरेर छिया-छिया पारिदियो ।

आउन अलि बेर गरेका पिरेमस् मिलनस्थल पुगे । उनले बालवामा सिंहका पदचिह्न देखे । उनको सातो गयो । उनका राता-राता गाला भयले सेता भए । त्यसै बखत उनले रगत लागेको र छिया-छिया पारिएको अवगुण्ठन पनि देखे । त्यस्तो भयंकर दृश्य देखेर उनको मुखबाट अनायास निस्कियो- "हे अभागी युवती ! तिम्रो मृत्युको कारण त म नै हुँ । मेरोभन्दा तिम्रो जीवन मूल्यवान् हुँदा पनि तिमी मृत्युको प्रथम आखेट भयौं । म पनि तिम्रो अनुसरण गर्नेछु । तिमीलाई संकटास्पद स्थानमा आउन लगाउने अपराधी कारकतत्व म नै हुँ । तिमीलाई यस्तो ठाउँमा बोलाएर तिम्रो सुरक्षागर्न नसक्ने पनि म नै हुँ । हे सिंहहरु ! चट्टानबाट निस्केर तिमीहरु यहाँ आऊ र यस अपराधीको शरीरलाई आफ्ना दाँतले चिर !"

त्यासो भन्दै पिरेमस्ले त्यो अवगुण्ठन उठाएर निश्चित रुखमुनि पुगी त्यसलाई आफ्ना अश्रु र चुम्बनले ढाक्कन थाले । रुँदा-रुँदा विरहको व्यथा असह्य भएपछि उनले 'मेरो रगतले पनि तिम्रो लुगा भिजाउनेछ' भन्दै आफ्नो तरबार म्यानबाट थुतेर आफ्नो छातीमा रोपे । तरबार रोपिने बित्तिकै उनको छातीबाट रगतको फोहरा छुट्यो र त्यो रुखका सबै किम्बु राता बनाउँदै रुखको जरासम्म पुग्यो । त्यसो हुँदा रगतको प्रभावले रातो रङ जराबाट फेट हुँदै फलसम्म पुग्न थाल्यो ।

त्यसै बखत डरले थरथर कामिरहेकी थिज्बी आफ्ना प्रेमीलाई निराश नगर्ने उद्देश्यले सावधानीपूर्वक गुफाबाटि बाहिर निस्किन् । उनका आँखाले व्यग्रतापूर्वक पिरेमस्लाई खोज्न थाले । उनी आफ्ना प्रेमीलाई विपत्तिबाट बाँचेको कुरा बताउन चाहन्थिन् । निश्चित स्थलमा पुगेर उनले किम्बुफलको रङ बदलिएको देखिन् ।

उनलाई शंका भयो कि उनी ठीक ठाउँमा आएकी हुन् । त्यस्तै असमञ्जसको स्थितिमा उनले एउटा मानिसलाई मृत्युपीडामा छटपटाइरहेकी देखिन् । शान्त जलराशिउपर एक्कासि बतासको वेग पर्दा जसरी लहर उत्पन्न-कम्पित हुन्छ त्यसैगरी उनको शरीरमा प्रकम्पनले प्रवेश गर्‍यो । तिनी एकछिन हच्किन् । तर, आफ्ना प्रेमीलाई चिन्नासाथ डाँको छाड्दै आफ्नो छाती पिट्न थालिन् । पिरेमस्को निर्जीव शरीरलाई अंकमाल गर्दै, उनको घाउमाथि अश्रुपात गर्दै, उनका शीतल ओठ चुम्दै कराएर भनिन्- "हे पिरेमस् ! यो तिमीले के गर्‍यौ ? केही त बोल ! म तिम्री थिज्बी हुँ । प्रियतम ! मेरो कुरा सुन । लत्रिएको आफ्नो शिर ठाडो पार ।"

थिज्बीको नाम सुनेर पिरेमसले एकपटक आँखा खोलेर फेरि बन्द गरे । थिज्बीले आफ्नो अवगुण्ठनमा रगत लागेको र नजिकै तरबारविहीन म्यान देखिन् । त्यस्तो हृदयविदारक दृश्य देखेर उनले भन्न थालिन्- "मेरा लागि तिम्रा हातले तिम्रो हत्या गरेका हुन् । मेरो प्रेम पनि तिम्रै प्रेमजस्तो प्रगाढ भएकोले एकपटक त म पनि तिमीजस्तै बहादुर हुनसक्छु । तिम्रो मृत्युको कारण म नै भएकीले म पनि तिम्रो अनुसरण गर्छु । अब त मलाई तिमीबाट वियुक्त गर्ने मृत्युले पनि तिमीसँग संयुक्त हुनुबाट रोक्न सक्दैन । हामी दुवैका हे दुःखी मातापिता ! हाम्रो साझा अनुनय अस्वीकार नगर्नुहोला । प्रेम र मृत्युले हामीलाई एक बनाइसकेपछि हाम्रा चिहान पनि एउटै बनाइदिनुहोला । अनि हे रुख ! हाम्रो बलिदानलाई याद राखेर अब उप्रान्त आफ्ना फल सेता होइन रातै राख्नू ।"

त्यति भनेर उनले पनि पिरेमसको तरबार आफ्नो छातीमा रोपिन् । उनी दुवैका मातापिताले उनको इच्छा पूरा गरिदिए । देवताहरुले पनि उनको अन्तिम इच्छाको सम्मान गरे । दुवै शव एउटै कब्रमा गाडिए । त्यस समयदेखि रुखले पनि सेताका ठाउँमा राता किम्बुफल दिन थाल्यो जो क्रम अद्यावधि जारी छ ।

यो कथा पढेर, शेक्सपियरलाई पढेका मित्रहरुलाई, 'अ मिडसमर नाइटस् ड्रीम' (ब ःष्मकगm्रभच ल्ष्नजतुक म्चभबक) अवश्य याद आयो होला । त्यसमा पनि त थिज्बीको अन्तिम उद्योग यसरी वर्णित छ-

"...Tongue not a word.
Come, trusty sword;
Come, blade, my breast imbrue. (Stabs herself)
And farewell, friends;
Thus thirsty ends;
Adieu, adieu, adieu." (Dies).

---

## स्थापित...

उद्योगको स्थानान्तरण र आर्म्स लेन्थ सम्झौताको लागि कम ज्याला भएका देशहरू रोजिए । र, ती देशहरूमा अन्य अझै कम ज्याला भएका देशहरूबाट सस्ता श्रमिकहरूको आपूर्ति गर्न थालिए । यसरी संसार एउटा उत्पादन प्रक्रियाको धागोमा जोडियो जसको ठाउँ ठाउँमा गाँठाहरू(nodes) छन् । ती हरेक गाँठाहरूमा मूल्य सिर्जना हुन्छन् । ती सबै गाँठाहरूमा सिर्जित मूल्यहरू तेलमा भिजाएको बत्तीमा प्रसारित भएजस्तै केन्द्रतिर प्रसारण हुन्छ । त्यो केन्द्र विकसित देश भनिने ग्लोबल नर्थका बहुराष्ट्रिय कम्पनीका मुख्यालयहरू हुन्छन् । नेपाल यहीं प्रणालीमा सस्तो श्रमिक उपलब्ध गराउने देश हो । मलेसिया वा खाडी मुलुकहरू उद्योगको स्थानान्तरण र आर्म्स लेन्थ सम्झौताका लागि रोजिएका देशहरू हुन् । यो विश्वव्यापी मूल्य शृंखलामा नेपालले सस्तो श्रमशक्ति आपूर्ति गर्छ र त्यसबापत त्यो ज्यालाको रूपमा विप्रेषण प्राप्त गर्छ । के त्यो विप्रेषणले नेपालको आर्थिक विकासलाई योगदान गर्छ ? वा, श्रमशक्तिको पुनउत्पादनमा नै खर्च हुन्छ ? वा, पुनर्उत्पादनकै लागि पनि पुग्दैन ?

२) के विप्रेषण विकासको आधार बन्न सक्छ ?

नेपालको आर्थिक विकासमा विप्रेषणको भूमिका कति हुन सक्ला ? के विप्रेषणबाट प्राप्त रकमलाई बचतमा बदलेर लगानीको लागि पुँजी बनाउन सकिएला ? यी प्रश्नहरूमा घोत्लिनुभन्दा पहिला विश्वव्यापी श्रम मध्यस्थतामा नेपाल कसरी सस्तो श्रमशक्ति प्रदायक बनेको छ भन्नेबारे केही सैद्धान्तिक छलफल गरौं । यसको लागि हामीले श्रम र ज्यालाबारे मार्क्सवादी दृष्टिकोणलाई बुझ्ने प्रयास गरौं ।

२.१) श्रमशक्तिबारे मार्क्सवादी दृष्टिकोणः

मजदूरले काम गरेबापत पाउने ज्याला उसको श्रमशक्तिको लागि हो । श्रम काम गर्ने प्रक्रिया हो । यो सजीव क्रिया हो । मान्छेले श्रममार्फत् नै उत्पादन प्रक्रियामा आउँछ । मान्छेको मूर्त श्रमले कुनै पनि वस्तुको उपयोग मूल्य निर्माण गर्छ । श्रमशक्ति भनेको मान्छेको श्रम गर्न सक्ने क्षमता हो । त्यो मान्छेको शारीरिक शक्ति, मानसिक क्षमता र सीप र ज्ञानले निर्माण हुन्छ । पुँजीवादमा यहीं श्रमशक्तिको विनिमय हुन्छ ।

कुनै पनि वस्तु वा सेवाको उत्पादनको लागि महत्त्वपूर्ण भनेको श्रमशक्ति हो । कुनै पनि वस्तुको मूल्य श्रमशक्तिले नै निर्धारण गर्छ । हरेक पुँजीपतिको उद्देश्य भनेकै धेरैभन्दा धेरै नाफा कमाउनु हो । नाफा कमाउनको लागि लागत घटाउनुपर्ने हुन्छ । लागत भनेको उत्पादनका लागि प्रयोग गरिएको पुँजी हो । यो पूँजीको दईवटा हिस्सा हुन्छ– एउटा, स्थिर पुँजी । स्थिर पुँजीले मेशिन, उर्जा, कच्चा सामग्री आदिमा हुने लगानी इंगित गर्छ । उत्पादन प्रक्रियामा मूल्यमा खासै परिवर्तन नहुने कारणले गर्दा यसलाई स्थिर पुँजी भनिएको हो । बजारमा उत्पादित वस्तुको बिक्री गर्दा वस्तुको मूल्यमा यी स्थिर पुँजीको हिस्सा पनि जोडिएको हुन्छ । अर्को हो, परिवर्तनशील पुँजी । परिवर्तनशील पुँजीभन्नाले पुँजीपतिले मजदूरलाई दिने ज्याला हो । कुनै पनि वस्तुको उत्पादनमा शारीरिक वा मानसिक श्रमको आवश्यकता हुन्छ । कच्चा सामग्री, उर्जा, प्रविधि भएर मात्र वस्तुको उत्पादन हुँदैन । कुनै पनि वस्तुको उत्पादन मानवीय श्रमबिना सम्भव छैन । तर, पुँजीपतिले नाफा कमाउने भनेकै उत्पादन लागत कम गरेर हो । लागत कम गर्ने तरिका हो कि त निश्चित समयमा धेरै माल उत्पादन गर्नु वा थोरै ज्यालामा धेरै समय काम कजाउनु । निश्चित समयमा धेरै माल उत्पादन गर्नको लागि उत्पादकत्व बढाउनुपर्ने हुन्छ ।

त्यसको लागि प्रविधिको प्रयोग गर्नुपर्ने हुन्छ । प्रविधिको प्रयोगको लागि पुँजीपतिले केही थप लगानी गर्नुपर्ने हुन्छ । अर्कोतर्फ, श्रमशक्तिको लागत कम गर्नु भनेको सस्तो श्रमशक्तिको खोजी गर्नु हो । त्यो भनेको थोरै ज्यालामा धेरै समय काम गर्ने श्रमशक्तिको खोजी हो ।

२.२) ज्याला के हो ?

ज्याला भनेको श्रमशक्तिको मूल्यको मौद्रिक अभिव्यक्ति हो । कुनै पनि मालको मूल्य त्यसको उत्पादन र पुनर्उत्पादनमा हुने लागतले निर्धारण गर्छ । श्रमशक्तिको मूल्य पनि श्रमशक्तिको उत्पादन र पुनर्उत्पादनमा हुने लागतले निर्धारण गर्छ । श्रमशक्तिको वास्तविक मूल्य अर्थात् ज्याला श्रमशक्तिको उत्पादन र पुनर्उत्पादनमा हुने लागत हो । कुनै पनि मजदूरले पाउने ज्याला भनेको उसले बेच्ने श्रमशक्तिको मूल्य हो । त्यो भनेको मजदूरको श्रमशक्ति कायम राख्नको लागि दिइने ज्याला हो । मजदूर र उसको परिवारलाई जीवित राख्नको लागि आवश्यक पर्ने वस्तुहरू खरीद गर्न आवश्यक मूल्य नै ज्याला हो । परिवार पनि किनभने मजदूर बाँच्न र अर्को मजदूर तयार हुन परिवार पनि बाँच्न जरुरी हुन्छ । मार्क्सको भाषामा मजदूर र उसको परिवार बाँच्नका लागि चाहिने 'आवश्यकताको टोकरी' (बास्केट अफ कन्जप्सन गुड्स)को लागि आवश्यक पर्ने न्युनतम मूल्य नै मजदूरलाई दिइने ज्याला हो । श्रमशक्तिको यो मूल्य श्रमकालले निर्धारण गर्छ । मजदूरले आफ्नो 'आवश्यकताको टोकरी' खरीद गर्न आवश्यक मूल्य सिर्जना गर्नको लागि गर्ने श्रमकाल उसको श्रमशक्तिको मूल्य हो । त्यसबाहेक उसले जति समय श्रम गर्छ त्यसले अतिरिक्त मूल्य उत्पादन गर्छ । त्यसैले मजदूरले गर्ने सिंगो श्रमअवधिको दुईवटा हिस्सा हुन्छ एक, उसले आफ्नो लागि गर्ने श्रमकाल र अर्को, अतिरिक्त मूल्य उत्पादनको लागि गर्ने श्रमकाल । धेरैभन्दा धेरै अतिरिक्त मूल्य उत्पादनको लागि पुँजीपतिसँग दुईवटा विकल्प हुन्छन् । एक, सिंगो श्रमअवधिमा मजदूरको 'आवश्यकताको टोकरी' खरीद गर्न आवश्यक श्रमकालको मूल्य स्थिर राखी अतिरिक्त श्रमकाल लम्ब्याउने । दुई, मजदूरको ज्याला कम गर्ने ।(Marx, Capital Vol. I, pp. 296-304, 486-500)

'आवश्यकताको टोकरी' सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक पक्षहरूले निर्धारण गर्छ । साम्राज्यवादी देशहरूमा श्रमशक्तिको अधिक मूल्य (ज्याला), स्वास्थ्य उपचारमा पहुँच, शिक्षा, पोषणयुक्त खाना, यातायात, वासस्थानमा सुधार तथा निवृत्तिपछिको आम्दानी (पेन्सन) आदिले आवश्यकताको टोकरी ठूलो बनाएको छ । त्यसको तुलनामा अविकसित देशहरूको आवश्यकताको टोकरी नै सानो छ । (Smith, 2016, p. 183)

बहुराष्ट्रिय पूँजी अविकसित देशहरूमा पुँजी लगानी गर्नुको खास उद्देश्य प्राकृतिक स्रोतको प्रचुरता, रणनीतिक बिन्दुमात्र नभएर मुख्यतः सस्तो श्रम नै हो । अर्थात्, आवश्यकताको टोकरी नै सानो भएको देशका मजदूरहरूको बाँच्नलाई आवश्यक श्रमकालको मूल्य कम हुने भएकोले अतिरिक्त मूल्यको उत्पादन यस क्षेत्रमा धेरै हुने भयो ।

विश्वव्यापी श्रम मध्यस्थता आवश्यकताको टोकरी कम हुने देशहरूको श्रमशक्तिको शोषण कै लागि सिर्जना गरिएको हो ।

आवश्यकताको टोकरी कम हुने देशका मजदूरले पाउने ज्याला नै कम हुन्छ । उसले पाउने ज्याला भनेको उ र उसको परिवार बाँच्नको लागि आवश्यक न्युन मूल्य हो । आवश्यकता टोकरी सानो भएको नेपाल यसरी सस्तो श्रमशक्तिमार्फत् विश्वव्यापी कमोडिटी शृंखलासँग जोडिन पुग्यो ।

(साभारः वामपन्थ म्यागाजिन पूर्णाङ्क ९)

## ३१ हजार...

सांसद राईले भने- 'हामी अलिकति व्यावहारिक कुरामा पनि जानुपर्छ । धेरै कुरा 'कानुन-कानुन' मात्रै भनेर पनि भएन । अब निर्माण व्यवसायीहरूले कति सहन सक्नुभयो, कति सक्नुभएन ? अहिले डिजेलको भाउ त बढ्यो । यो रुस-युक्रेन युद्धलाई मात्र दोष दिएर भएन, व्यवसायीहरूले सहन सक्ने क्षमताभन्दा बाहिर गइसकेको अवस्थालाई व्यावहारिक रूपमा हेरेर यसको समाधान गर्नुपर्छ भन्ने मेरो सुझाव छ ।'

निर्माण व्यवसायी समेत रहेकी राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद मञ्जु भुसालले भने व्यवसायीहरूलाई बहानाबाजी नगर्न सचेत गराइन् । उनले ३१ हजार आयोजना अलपत्र पर्नु देशका लागि चुनौती हुने भन्दै सरकारले समस्या समाधानमा प्रतिवद्ध जनाएकाले अब व्यवसायीहरू पनि बहानाबाजी नगरी काममा लाग्नुपर्ने बताइन् । उनका अनुसार सरकार र व्यवसायी दुवै जिम्मेवार बन्नुपर्छ ।

सोही समितिका सदस्य सांसद धर्मराज केसीले आयोजनाहरू समयमा सम्पन्न नहुँदा राज्यलाई दुईतर्फी नोक्शानी भइरहेको बताए । उनकाअनुसार एउटा त आयोजनाबाट हुने उत्पादन र आम्दानी रोकिने गरेको छ भने, अर्को राज्यको लगानी र त्यसको ब्याजले व्ययभार बढाइरहेको छ ।

उनले आयोजनाहरू छिटो सक्नका लागि सबै पक्षबाट पहल हुनुपर्नेमा जोड दिए । बैठकमा बोल्ने अन्य सांसदहरूले आयोजनाहरू रोकिएकाबारे प्रश्न उठाउँदै सरकार निर्माण व्यवसायी जिम्मेवार बन्नुपर्नेमा जोड दिएका थिए ।

**Migration Certificate हराएको सूचना ।।।**

मेरो नाम निर्मल पाण्डे हो । त्रिभुवन विश्वविद्यालयको Registration No. 6-2-749-71-2015, Serial No. 66958 तथा Memo No. 40265/073-1-28 भएको Migration Certificate मिति २०८३ साल बैशाख १९ गते मिलनचोकबाट योगीकुटी जाँदै गर्दा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा सम्बन्धित व्यक्तिलाई बुझाइदिनुहुन अनुरोध गर्दछु । उक्त कागजातको दुरुपयोग भएमा म जिम्मेवार हुने छैन ।

**जो जससँग सम्बन्ध छ ।**

जिल्ला रुपन्देही कञ्चन गाउँपालिका वडा नं. ०३ बस्ने म लाल बहादुर दर्लामी आफू भारतीय भू.पु. सैनिक आर्मी नं. ५३४००३४ K RANK HONY NB SUB (TS NO १२६३२०) को पेन्सनर रहेकोमा मेरो पत्नीले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर अम्बा देवी दर्लामी र जन्म मिति वि.सं. २०२३/१२/२१ (ई.सं. १९६७/०३/२१) उल्लेख भएको र म पेन्सनरको पेन्सन अभिलेखमा पत्नीको नाम थर अमा थापा र जन्म मिति ई.सं. १९६२/०५/१० उल्लेख भई नामथर र जन्म मिति फरक परेता पनि व्यक्ति फरक नभई एकै रहेको व्यहोरा प्रमाणित गरी पाउँ भनी जिल्ला प्रशासन कार्यालय (प्रशासन शाखा) सिद्धार्थनगर रुपन्देहीमा निवेदन पेश गरी सम्बन्धित कञ्चन गाउँपालिका ०३ नं. वडा कार्यालयको च.नं. २६२९ मिति २०८३/०१/१० को सिफारिस पत्र र जिल्ला प्रशासन कार्यालयको च.नं. ९१४८ मिति २०८३/०१/२२ को प्रमाणित पत्रमा समेत लेखी आएकाले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि प्रमाणित गरिएको हुँदा सो जानकारी गराउँछु ।



निवेदक
लालबहादुर दर्लामी

**नेपाल रेडक्रस सोसाइटी**
रुपन्देही जिल्ला शाखा
सिद्धार्थनगर – १३, रुपन्देही

**शिलबन्दी कोटेशन आह्वान सम्बन्धी सूचना**

प्रकाशित मितिः २०८३/०२/०९

नेपाल रेडक्रस सोसाइटी, रुपन्देही जिल्ला शाखाद्धारा सञ्चालित शहरी पूर्वतयारी तथा आपतकालिन प्रतिकार्य प्रबर्द्धन (SUPER) परियोजनाको लागि आवश्यक सामग्रीहरू खरीद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त सप्लायर्स, कम्पनी वा फर्मले सूचना प्रकाशन भएको मितिले ०७ दिनभित्र आफ्नो नवीकरण भएको फर्म दर्ता, मूल्य अभिबृद्धि कर प्रमाणपत्र र आ.ब. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी शिलबन्दी कोटेशन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक सामग्रीहरुको विवरण :**

- 2 Ton Inverter AC - १ थान
- Stretchers for Hospital and Health Facilities - ११ थान

**शर्तहरु :**

१. प्राप्त कोटेशनहरु कोटेशन पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको १:०० बजे ने.रे.सो. रुपन्देही जिल्ला शाखामा खोलिने छ, खोलिने दिन विदा परेमा सोको भोलिपल्ट खोलिने छ ।
२. कोटेशनदाताको प्रतिनिधि उपस्थिति नभएमा पनि शिलबन्दी कोटेशन खोल्न बाधा पर्ने छैन ।
३. म्याद नाघी आएको, रित नपुगेको वा शर्त राखी पेश भएको कोटेशनमाथि कुनै कारवाही गरिने छैन ।
४. उल्लेखित सामग्रीहरुको लागि फरक-फरक सप्लायर्स/फर्मले छुट्टाछुट्टै कोटेशन पेश गर्न सक्नेछन् ।
५. कोटेशनमा दरभाउ स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।
६. कोटेशन स्वीकृत वा अस्वीकृत गर्ने लगायत सम्पूर्ण अधिकार नेपाल रेडक्रस सोसाइटी रुपन्देही जिल्ला शाखासँग सुरक्षित रहनेछ ।
७. भुक्तानीमा नियमानुसारको अग्रिम कर कट्टी गरी भुक्तानी गरिनेछ ।

**कोटेशन फाराम बुझाउने स्थान :**
**नेपाल रेडक्रस सोसाइटी**
रुपन्देही जिल्ला शाखा
सिद्धार्थनगर–१३, रुपन्देही फोन नं.: ०७१–५७५६३२, ९८६७०२३३७३

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।

सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३, ९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५, ९८००७६०६२२

# रूपन्देहीमा सीप च्याम्पियनसीप सम्पन्न




बुटवल । युवामा प्राविधिक शिक्षा, सीप विकास तथा रोजगारीमुखी तालिमप्रति आकर्षण अभिवृद्धि गर्ने उद्देश्यले लुम्बिनी प्रदेशमै पहिलो पटक रुपन्देहीमा 'लुम्बिनी सीप च्याम्पियनसीप २०८३' आयोजना गरिएको छ।

प्रदेशभका १२ जिल्लाका करिब १ हजारभन्दा बढी सीपमूलक शिक्षा अध्ययन गरिरहेका विद्यार्थीसहित उद्योगी-व्यवसायी तथा अवलोकनकर्ताहरुलाई सरोकारवाला निकायसँग एकै मञ्चमा राखेर यस्तो कार्यक्रम आयोजना गरिएको हो । रुपन्देही उद्योग संघको आयोजना तथा सामाजिक विकास मन्त्रालय लुम्बिनीको समन्वयमा रुपन्देहीको तिलोत्तममा शुक्रबार आयोजित लुम्बिनी सीप च्याम्पियनसिप कार्यक्रम अटो मेकानिकल, आइटी तथा होटल म्यानेमेन्टमा अध्ययन गर्ने विद्यार्थीहरुलाई फिल्डमै प्रतिस्पर्धा गराइएको थियो भने स्वदेशमा उत्पादन भएका विभिन्न उद्योगहरुले आफ्नो प्रदर्शनी गरेका थिए । दक्ष जनशक्ति उत्पादन, रोजगारी अवसर प्रवर्द्धन तथा स्वदेशमै सम्मानित रोजगारीको सिर्जना गर्ने लक्ष्य राखिएको यो कार्यक्रमलाई सञ्चालनका लागि रुपन्देही उद्योग संघलाई इन्स्योर परियोजनाले साथ दिएको थियो। रुपन्देही उद्योग संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले नेपाल सरकार र स्विटजरल्याण्ड सरकारबीचको द्विपक्षीय सम्झौताअन्तर्गत सञ्चालित 'दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना दोस्रो चरणको आर्थिक सहयोगमा कार्यक्रम आयोजना गरिएको अध्यक्ष पराजुलीले जानकारी दिए । उद्योग तथा व्यवसाय क्षेत्रमा आवश्यक दक्ष जनशक्तिको माग र बजारमा उपलब्ध जनशक्तिको सीपबिच असन्तुलनको अवस्था रहेको भन्दै यसबाट रोजगारदाता तथा रोजगारी खोजिरहेका युवाबिच प्रभावकारी समन्वयको आवश्यकता अझ बढी महसुस गरी यस किसिमको कार्यक्रम आयोजना गरिएको र सरकोकारवाला निकाय, उद्योगी तथा विभिन्न प्राविधिक शिक्षा अध्ययन गराउने विद्यालयबाट ठूलो संख्यामा विद्यार्थीहरु सहभागी गराइएको उनले बताए । अध्यक्ष पराजुली भने-'राज्यको अंगका रूपमा निजी क्षेत्र पनि भएकाले प्राविधिक क्षेत्रमा लगानी गरिएको हो, दक्ष जनशक्ति बनाउने र नयाँपुस्तालाई प्रविधिमैत्री बनाउन यो परियोजनाले सीपमूलक शिक्षामा लगानी गरेको छ, पढ्दै काम गर्दै अघि बढाइएकोले निकै प्रभावकारी भएको हो । पहिले काम गरिरहेकोलाई दक्ष बनाइरहने आइटी, होटल म्यानेजमेन्ट र अटोमोबाइलमा खुला प्रतिस्पर्धा गरिएको हो।'

लुम्बिनी सीप च्याम्पियनसीप कार्यक्रममा सूचना प्रविधि, अटोमोबाइल इञ्जिनियरिङ तथा होटल व्यवस्थापन विषयमा अध्ययनरत प्रशिक्षार्थीबिच सीप प्रतिस्पर्धा गराइएको र प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिमको वर्तमान अवस्था, चुनौती र अवसरसम्बन्धी विषयमा विज्ञहरूसँग प्यानल छलफल गरिएको प्रमुख कार्यकारी अधिकृत यादव भण्डारीले जानकारी दिए।

लुम्बिनी प्रदेशका सामाजिक विकास मन्त्री जन्मजय तिमिलसिनाले उद्योग, तालिम प्रदायक संस्था, प्राविधिक शिक्षालय, सरकारी निकाय तथा प्रशिक्षार्थीबिच सहकार्य र समन्वयलाई सुदृढ गर्दै सीप विकास संस्कृतिको प्रवर्द्धन गर्नु, सरकार, रोजगारदाता, तालिम प्रदायक संस्था र रोजगारी खोजिरहेका युवालाई एउटै मञ्चमा ल्याउनु तथा प्राविधिक शिक्षा र सीपमूलक तालिमप्रति युवाको आकर्षण अभिवृद्धि गर्ने कार्यक्रमलाई प्रदेश सरकारले पनि साथ दिएको बताए।

यस्तै सीपयुक्त जनशक्तिको माग र आपूर्तिबिचको दूरी कम गर्दै उद्योग र शिक्षालयबिचको सहकार्यलाई थप प्रभावकारी बनाउने, युवालाई वृत्ति परामर्श, प्राविधिक शिक्षा तथा रोजगारीका अवसरबारे जानकारी प्रदान गर्नु निजी क्षेत्रको पनि दायित्व रहेको बताउँदै उनले अब सरकारले यसमा आधारिक कार्यक्रम र बजेट बनाउने प्रतिबद्धता जनाए । 'प्रविधिको युगमा, एआईको युगमा यसलाई कसरी प्रयोग गर्ने चुनौती छ, रोजगारीसँग शिक्षा र प्रविधि जोडिनुपर्छ भन्ने यस्ता कार्यक्रमको प्राथमिकता पर्नुपर्दछ। प्रदेशका धेरैजसो जिल्लाबाट सहभागी विद्यार्थीलाई नयाँ सन्देश लिएर जानुपर्ने छ,' उनले भने-'८० वर्ष पहिले स्वीजरल्याण्डले अंगालेको अभियान अहिले हामीले गर्नुपरेको छ। विद्यालय तहबाट नै व्यवहारिक प्राविधिक शिक्षा अघि बढाउनुपर्ने र यस्ता प्रतियोगिता हरेक वर्ष अलग अलग जिल्लामा सञ्चालन गर्नुपर्ने, प्रविधिलाई सदुपयोग गर्न नसके अघि बढ्न सकिँदैन भन्ने विषय सबैले बुझ्न जरुरी छ।'

इन्स्योर प्रदेश प्रमुख अम्बिकाप्रसाद तिमिलसिनाले कार्यक्रमको उद्देश्यबारे जानकारी दिँदै प्राविधिक शिक्षातर्फ नयाँ पुस्तालाई जानकारी दिने र निजी क्षेत्रलाई यसबारे अग्रसरता बनाउने मुख्य उद्देश्य रहेको जनाए।

'नयाँ पुस्तालाई प्राविधिक ज्ञानबारे जानकारी दिने, उद्योगमा भएका सम्भावनाबारे जानकारी दिने, प्राविधिक शिक्षा कस्तोखालको छ र कसरी समन्वय गर्न सकिन्छ भनेर सरोकारवालालाई सँगै राखेर बहस गराउने र प्रदेश तथा स्थानीय सरकारलाई यसको ध्यानाकर्षण गराउने मुख्य उद्देश्य हो, जुन आज त्यो सफलता पाएको छ।'-उनले भने।

कार्यक्रममा वृत्ति परामर्श सेवा, उद्योग तथा व्यवसायसम्बन्धी स्टल प्रदर्शनी, सीप विकास एकाइ तथा रोजगार सूचना केन्द्रले उपलब्ध गराउने सेवाबारे जानकारी प्रदान गरिएको थियो भने उद्योगीहरुले आफूलाई आवश्यक कामदारको संख्या र सेवासुविधासहितको जानकारीसहित राखेका थिए । यो कार्यक्रममा विद्यार्थी, युवा, उद्योगी व्यवसायी, शिक्षालय, विद्यालय, अभिभावक तथा रोजगारदाताको ठूलो सहभागिता रहेको थियो।

शुभारम्भ कार्यक्रममा शुभकामना राख्दै क्यान रूपन्देही अध्यक्ष जीवन अधिकारीले विद्यार्थी र निजी क्षेत्रसँगै राखेर कार्यक्रम गर्दा धेरै प्रभावकारी भएको, कोर्ष करिकुलम नयाँ प्रविधिमा आधारित हुनुपर्ने बताउँदै आजको कार्यक्रमको नामअनुसार अत्यन्तै प्रभावकारी भएको बताए। रुपन्देही उद्योग संघका पूर्वअध्यक्ष दिनेशराज रेग्मीले जबसम्म प्राविधिक सीपमा दक्षता हुँदैन तबसम्म देश विकास संभव हुँदैन भन्दै उद्योग व्यवसाय प्रवर्द्धनका लागि प्राविधिक सिप जरूरी रहेको बताए।

तिलोत्तमा ६ वडाध्यक्ष गणेश पाठकले विद्यार्थीले चाहनाअनुसारको विषय पढ्न नपाएकाले बाहिरिएकाले करिकुलम चेन्ज गर्न माग भएअनुसार सरकारले ध्यान दिनुपर्ने बताए। यो कार्यक्रममा नेपालको आर्थिक विकासमा प्राविधिक क्षेत्रको महत्वका विषयमा विज्ञहरुसहितको प्यानलगत छलफल भएको थियो । अध्यापक तथा रुपन्देही उद्योग संघका आर्थिक सल्लाहकार लालहरि पाण्डेले सञ्चालन गरेको यो कार्यक्रममा विज्ञ सदस्यका रुपमा सामाजिक विकास मन्त्रालय लुम्बिनीका सचिव दिवाकर भण्डारी, इन्स्योर परियोजनाका टीम लिडर रवीन्द्रबहादुर सिंह, सिटिइभिटी लुम्बिनी प्रदेश कार्यालय निर्देशक अच्युतराज तिमिल्सिना, ठाकुरबाबा नगरपालिका बर्दियाका उपप्रमुख बिनाकुमारी भट्टराई र रुपन्देही उद्योग संघका अध्यक्ष कृष्णप्रसाद पराजुली रहेका थिए। उनीहरुले आफ्नो क्षेत्रबाट प्राविधिक शिक्षाका लागि आफ्नोतर्फबाट समन्वय तथा पहल गर्ने प्रतिबद्धता जनाएका छन्।

कार्यक्रमको समापनमा प्रमुख अतिथि रहेका तिलोत्तमा नगरपालिकाका मेयर रामकृष्ण खाँणले यस्ता कार्यक्रममले सबै पक्षलाई सहजता ल्याउने बताए।

प्रतिस्पर्धामा होटल म्यानेजमेन्टबाट तिलोत्तमाको शान्ति नमुना स्कुलका विजयबहादुर बुढामगर, आइटीतर्फ लिलाराम मावि भैरहवाका सिद्धार्थ यादव, अटोमोबाइलतर्फ महाकवि देवकोटा माविका सन्तोष चौधरी प्रथम भई पुरस्कृत भएका छन्।

त्यसैगरी उत्कृष्ट उद्योगीतर्फ लोक शुशिला अठो कन्सर्न, पञ्चकन्या ग्रुप, लिटमस इन्डष्ट्रीज, विश्राममबाटिका होटल, क्रिम हाइडल, भैरहव टेक्नोपार्क, आरम्भ निर्माण सेवा तथा उत्कृष्ट नतिजा ल्याउने विद्यालयतर्फ दूधधारी मावि कपिलवस्तु, पब्लिक माध्यमिक विद्यालय, कोरिया बहुप्राविधिक शिक्षालय, तुल्सीपुर सेन्टर मावि, भेरी प्राविधिक शिक्षालय पुरस्कत भएको प्रमुख कार्यकारी अधिकृत भण्डारीले बताए।

त्यसैगरी उत्कृष्ट अंक ल्याएर छात्रवृत्ति पाउने शान्ति नमूना माविका लक्ष्मी भण्डारी, शान्ति नमूना माविका आयुश कोहार, जनता माविका सन्दप धवल, मावि तुलसीपुर सेन्टरका सीमा रावत, कोरिया-नेपाल पालिटेक्निकल इन्टिच्युटका अमिश थारु सरस्वती मावि घोराही दाङका सलिना डाँगी पुरस्कृत भएका छन्।

# कञ्चनमा ३३ लाख ६७ हजार बेरुजू, जिल्लामै कम



**जगिलाल थापा**

*कञ्चन*

रूपन्देहीको कञ्चन गाउँपालिकामा जम्मा ३३ लाख ६७ हजार ९ सय ६६ रुपैयाँ मात्र बेरुजू रहेको महालेखा परिक्षकको कार्यालय सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख छ । यससँगै रुपन्देही जिल्लाका १५ वटा पालिकालाई पछि पार्दै कञ्चन गाउँपालिका पुनः जिल्लामै सबैभन्दा कम बेरुजू रकम कायम गर्ने पालिका बनेको हो।

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक लेखापरीक्षण प्रतिवेदनअनुसार कञ्चन गाउँपालिकाले न्यूनतम बेरुजू कायम गर्दै जिल्लामा पहिलो स्थान हासिल गरेको हो।

संवैधानिक निकाय महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको प्रतिवेदनअनुसार कञ्चन गाउँपालिकाको कुल लेखापरीक्षण रकम १ अर्ब ३७ करोड ९ लाख १३ हजार रुपैयाँ रहेकोमा जम्मा ३३ लाख ६७ हजार ९ सय ६६ रुपैयाँ मात्र बेरुजू कायम भएको उल्लेख छ। जसका कारण कञ्चन गाउँपालिका रुपन्देही जिल्लामै सबैभन्दा कम बेरुजू आउने पालिका बन्न सफल भएको हो।

जिम्मेवार जनप्रतिनिधि, कर्मचारी तथा समग्र टोलीको अथक प्रयासका कारण यो सफलता हासिल भएको कञ्चन गाउँपालिका अध्यक्ष नवराज ढकालले आफ्नो प्रतिक्रया जनाएका छन् । विगतका वर्षहरूमा जस्तै यस आर्थिक वर्षमा पनि कञ्चन गाउँपालिकाले आर्थिक अनुशासन र सुशासनलाई प्राथमिकतामा राख्दै उत्कृष्ट नतिजा हासिल गरेको अध्यक्ष ढकालले संक्षिप्त प्रतिक्रिया दिनु भएको छ।

त्यसैगरी प्रमुख प्रशासकीय अधिकृत माधव प्रसाद पोखेलले आर्थिक सुशासन, पारदर्शिता, जवाफदेहिता तथा वित्तीय अनुशासनलाई केन्द्रमा राखेर कार्यसम्पादन गरिएकै कारण बेरुजू न्यून राख्न सफलता मिलेको बताए।

कञ्चन गाउँपालिकाका प्रवक्ता चित्रलाल तुलाचनले महालेखा परीक्षकको प्रतिवेदनले गाउँपालिकाको सुशासन, पारदर्शिता र जिम्मेवार कार्यशैलीलाई थप पुष्टि गरेको जानकारी दिए । आगामी दिनमा पनि आर्थिक अनुशासनलाई अझ प्रभावकारी बनाउँदै नागरिकमुखी सेवा प्रवाहलाई प्राथमिकतामा राखेर काम गरिने प्रवक्ता तुलाचनले प्रतिबद्धता समेत जनाए।

भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य र प्रशासनिक हिसाबले पनि कञ्चन गाउँपालिका आफैँ नगरउन्मुख स्थानीय तहको रुपमा बिकास भएको छ। ८० प्रतिशत भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासी रहेको कञ्चनमा करिब ८३ प्रतिशत साक्षरता दर रहेको छ। त्यसमध्ये पुरुष साक्षरता दर ८९.८ प्रतिशत र महिला साक्षरता दर ७७.६ प्रतिशत रहेको छ।

राष्ट्रिय जनगणना २०७८ को गणनाअनुसार ४२५२८ रहेको छ भने त्यसपछिको यो ४ वर्षमा करिब ४५ हजारभन्दा बढी जनसंख्या पुगेको अनुमान गरिएको छ।

# पूर्वसूचना बिना गाडीको दर्ता रोक्दा लगानी जोखिममा : चेम्बर




बुटवल । नेपाल चेम्बर अफ कमर्सले पूर्वसूचना बिना नै सवारी साधनको दर्ता रोक्दा लगानी जोखिममा पर्ने बताएको छ।

अटोमोबाइल आयातकर्ता तथा व्यवसायीहरूसँग कुनै पूर्व सूचना, छलफल वा समन्वय नगरी हठात् रूपमा सार्वजनिक सवारी साधन दर्ता रोक्का गर्ने निर्णय गरिँदा लगानी जोखिममा परेको चेम्बरको भनाइ छ।

चेम्बरले विज्ञप्ति जारी गर्दै भनेको छ- विभिन्न बैंक तथा वित्तीय संस्थामार्फत् ऋण लिएर प्रतितपत्र (एलसी) खोली आयात गरिएका सयौँ सवारी साधनहरू हाल भन्सार छुटेर दर्ता प्रक्रियामा रहेका, कतिपय भन्सारबाट छुट्ने क्रममा रहेका, कतिपय ट्रान्जिट प्रक्रियामा रहेका तथा कतिपय सवारी साधनहरू उत्पादक कम्पनीहरूबाट अर्डरअनुसार निर्माण तथा डिस्प्याच भइसकेका अवस्थामा छन्।

यी सवारी साधनहरू सार्वजनिक यातायात सेवाकै उद्देश्यले आयात गरिएका हुँदा अन्य क्षेत्रमा बिक्री वा प्रयोग हुने सम्भावना अत्यन्त न्यून छ। यस्तो अवस्थामा अचानक दर्ता रोक्का गरिँदा व्यवसायीहरू गम्भीर आर्थिक संकटमा पर्ने मात्र नभई अन्तर्राष्ट्रिय उत्पादक कम्पनीहरूसँग नेपाली व्यवसायीहरूको विश्वसनीयतामा समेत नकारात्मक असर पर्ने देखिन्छ। यसले नेपालको व्यावसायिक प्रतिष्ठा तथा अन्तर्राष्ट्रिय व्यापारिक सम्बन्धमाथि समेत दीर्घकालीन प्रभाव पार्न सक्नेछ।

कोभिड-१९ महामारीको समयमा पनि नेपाल सरकारले अचानक सवारी साधन आयात रोक्का गर्दा नेपाली व्यवसायीहरूले अन्तर्राष्ट्रिय बजारमा ठूलो विश्वसनीयता गुमाएको चेम्बरले जनाएको छ।

त्यसबेला धेरै अन्तर्राष्ट्रिय कम्पनीहरूले नेपालबाट आएका अर्डरहरू स्वीकार गर्न अस्वीकार गरेकाले यस क्षेत्रको विश्वसनीयतामा समेत असर परेको चेम्बरले जनाएको छ।

हाल पुनः यस्तै प्रकारको निर्णयले अन्तर्राष्ट्रिय उत्पादक कम्पनीहरूमाझ नेपालको व्यावसायिक वातावरणप्रति नकारात्मक सन्देश जाने जोखिम रहेको चेम्बरले जनाएको छ।

यस निर्णयले सार्वजनिक यातायात सेवा, रोजगारी, अटोमोबाइल व्यवसाय, बैंकिङ क्षेत्रको लगानी तथा सरकारी राजस्व संकलनमा समेत प्रत्यक्ष असर पार्ने चेम्बरका अध्यक्ष कमलेश कुमार अग्रवालले बताए।

**धूम्रपान त्यागौं, स्वस्थ जीवनशैली अपनाऔं।**

- धूम्रपानले क्यान्सर, मुटु रोग र श्वासप्रश्वाससम्बन्धी समस्या निम्त्याउँछ,
- धूम्रपान स्वास्थ्यका लागि हानिकारक छ,

**त्यसैले**

- सार्वजनिक स्थानमा धूम्रपान नगरौं,
- किशोर-किशोरीहरूलाई धूम्रपानबाट टाढा राखौ.
-धूम्रपानको लतबाट मुक्त हुन आवश्यक परामर्श र सहयोग लिऔं,
-धूम्रपान नगर्ने वातावरण सिर्जना गरौं.
-आफ्नो र परिवारको स्वास्थ्यको रक्षा गरौं,
-धूम्रपान त्याग्ने संकल्प गरौं,
-धूम्रपान विरुद्ध जनचेतना फैलाऔं र स्वस्थ समाज निर्माण गरौं।

स्वस्थ जीवन, उन्नत भविष्यको आधार।

**नेपाल सरकार विज्ञापन बोर्ड**

# कानुनविपरीतको 'डाक्टर' शब्द हटाउन निर्देशन

बुटवल । नेपाल मेडिकल काउन्सिलले आफ्नो नामका अगाडि कानुनविपरीत रूपमा प्रयोग गरिएको 'डाक्टर' (डा) शब्द हटाउन निर्देशन दिएको छ।

काउन्सिलका निमित्त रजिष्ट्रार डा. दीपेन्द्र पाण्डेले जुनसुकै विधाका स्वास्थ्यकर्मी वा व्यक्तिले आफ्नो नामको अगाडि नियमविपरीत 'डाक्टर' शब्द प्रयोग गर्ने गरेको पाइएको बताउँदै उक्त 'डाक्टर' शब्द १५ दिनभित्र हटाउन आग्रह गरे।

काउन्सिलमा दर्ता भएका चिकित्सक तथा आफ्नो विधागत परिषद् ऐनद्वारा चिकित्सक उपाधि प्राप्त गरेकाबाहेक अन्य सम्बन्धित परिषद्मा दर्ता रहेका वा नरहेका जुनसुकै विधाका स्वास्थ्यकर्मी वा व्यक्तिले आफ्नो नामको अगाडि अवैध वा नियमविपरीत 'डाक्टर' शब्द प्रयोग गर्न नपाइने उनले बताए।

काउन्सिलले नेपालमा आधुनिक चिकित्सा प्रणालीअन्तर्गत बिरामीको उपचार गर्ने, परामर्श दिन र नामको अगाडि डाक्टर/चिकित्सक पद प्रयोग गर्ने कानुनी अधिकार नेपाल मेडिकल काउन्सिल ऐन, २०२० बमोजिम काउन्सिलमा दर्ता भएका चिकित्सकमा मात्र रहेको उनले जानकारी दिए।

उनले आधिकारिक कागजपत्र, प्रेस्क्रिप्सन प्याड, क्लिनिकको साइनबोर्ड, भिजिटिङ कार्ड तथा सबै सामाजिक सञ्जालबाट त्यस्ता अवैध वा नियमविपरीत डाक्टर लेख्नेलाई तत्काल हटाउन निर्देशन दिएका हुन्।

काउन्सिलले काउन्सिलमा दर्ता भएका चिकित्सकबाहेक अन्य जुनसुकै विधा वा परिषद्मा दर्ता भएका वा नभएका व्यक्तिका नामको अगाडि डाक्टर (डा) उपाधि प्रयोग गरी आधुनिक चिकित्साको भ्रम सिर्जना गरेमा वा आधुनिक औषधि सिफारिस गरेको पाइएमा काउन्सिलको ऐनबमोजिम तीन वर्षसम्म कैद वा तीन हजार रुपैयाँ जरिवाना तिर्नुपर्ने उल्लेख छ।

काउन्सिलले स्वदेश वा विदेशका विभिन्न विश्वविद्यालयबाट प्रमाणपत्रमा 'डाक्टर' शब्द उल्लेख भई शैक्षिक उपाधि प्राप्त गर्नुको अर्थ स्वतन्त्र रुपमा चिकित्सीय अभ्यास गर्ने अनुमति स्वतःप्राप्त नभएको बताएको छ।

**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !

आइडिया
डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रूपन्देही



विगत १५ वर्षदेखि
तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com